म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ३२३ शुक्रबार १७ असार २०७९ ने. सं. ११४२ दिल्लाथ्व 1 July, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## सशस्त्रका ३९ जना उपरीक्षकलाई दर्ज्यानी चिन्ह प्रदान

काठमाडौं, १६ असार/ सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले सशस्त्र प्रहरी उपरीक्षक पदमा पदोन्नति भएकालाई दर्ज्यानी चिन्ह प्रदान गरेका छन् ।

सशस्त्र प्रहरी बल प्रधान कार्यालय हल्चोकमा बिहीबार दर्ज्यानी चिन्ह प्रदान गरेका हुन् ।

महानिरीक्षक अर्यालले नायव उपरीक्षकबाट उपरीक्षकमा पदोन्नति भएका ३९ जनालाई दर्ज्यानी चिन्ह प्रदान गरेका हुन् । समारोहमा सम्बोधन गर्दै महानिरीक्षक अर्यालले पदोन्नति भएका उपरीक्षकहरूलाई शुभकामना दिँदै जिम्मेवारी आफ्नो भूमिका निभाउन निर्देशन दिए ।

समारोहमा सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकद्वय नारायणदत्त पौडेल र चन्द्र प्रकाश गौतमलगायत सशस्त्र प्रहरीका वरिष्ठ अधिकृतकाहरुको उपस्थिती रहेको थियो ।

-साभारः रातोपाटी

# इन्द्र बानियाँ बन्लान् त बागमतीको चौथो मुख्यमन्त्री ?

साझाकुरा संवाददाता

हेटौंडा, १६ असार/ बागमती प्रदेशको सत्तारुढ गठबन्धनमा प्रदेश सरकारको मुख्यमन्त्री परिवर्तन गर्ने कसरत सुरु भएको छ ।

सत्तारुढ गठबन्धनमा बागमती प्रदेश सरकारको नेतृत्व नेकपा एकीकृत र समाजवादीले आधा-आधा कार्यकाल गर्ने पूर्वसहमतिअनुसार मुख्यमन्त्री परिवर्तन गर्ने कसरत सुरु भएको हो । गत कात्तिक ११ गते गठबन्धनबाट सत्तारोहण गरेका नेकपा एकीकृत समाजवादी पार्टीका राजेन्द्र प्रसाद पाण्डे र नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता इन्द्रबहादुर बानियाँबीच आधाआधा समय सरकारको नेतृत्व गर्ने सहमति भएको थियो । उक्त सहमति कार्यान्वयन गर्नतर्फ मुख्यमन्त्री पाण्डे सकारात्मक नदेखिएपछि गठबन्धनभित्रै सत्ता संघर्ष सुरु भएको छ ।

गठबन्धनमा आलोपालो सरकारको नेतृत्व गर्ने पूर्वसहमति भएको भन्दै चौथो पटक मुख्यमन्त्री परिवर्तनको लागि गठबन्धनमा कसरत भइरहेको छ । बागमतीमा नेकपा माओवादी केन्द्र, नेपाली कांग्रेस , नेकपा एकीकृत समाजवादी र जसपाको गठबन्धन छ । गठबन्धनको नेतृत्व गर्दै नेकपा एकीकृत समाजवादीको संसदीय दलको नेता राजेन्द्र पाण्डे गत कात्तिक ११ गते बागमती प्रदेशको तेस्रो मुख्यमन्त्री बनेका थिए ।

साढे तीन वर्ष लामो एमालेको सरकार ढलेसँगै सरकार निर्माण गर्दा समाजवादीका पाण्डे र कांग्रेस संसदीय दलका नेता इन्द्र बहादुर बानियाँले मुख्यमन्त्रीमा दावी गरेका थिए । दुबैजना दावीबाट पछि नहट्दा बाँकी रहेको सरकारको कार्यकाल दुवैजनाले आधा आधा नेतृत्व गर्ने भद्र सहमति भएको थियो ।

६-६ महिना सरकारको नेतृत्व आलोपालो गरेर चलाउने लिखित सहमति भएअनुसार पाण्डे वैशाखमा नै सरकारबाट बाहिरिदै बानियाँ आउनुपर्थ्यो । तर, पाण्डेको नेतृत्वमा सरकारको आगामी आर्थिक वर्षको



बजेट ल्याउने र बानियाँको नेतृत्वमा प्रदेशसभाको निर्वाचन गर्ने सहमतिले कांग्रेस चुप थियो । उसो त, मुख्यमन्त्री पाण्डेले गठबन्धनमा कुनै सहमति नै नभएको भन्दै सरकार परिवर्तन नहुने कुरा सार्वजनिक रुपमा बताउँदै आएका थिए ।

तर, गठबन्धनमा भएको सहमतिपत्र भने बाहिरिसकेको छ । पत्रमा ६ महिनापछि सरकारको नेतृत्व कांग्रेस संसदीय दलको नेता बानियाँले गर्ने कुरा उल्लेख छ । लिखित सहमतिपत्रमा बानियाँ र पाण्डेसँगै माओवादी संसदीय दलका नेता शालिकराम जम्मकट्टेलको पनि हस्ताक्षर छ । सहमतिअनुसार पाण्डेले पदबाट राजिनामा दिएर मार्ग प्रशस्त गर्नुपर्ने भएपनि केन्द्रलाई ताकेता गर्दै मुख्यमन्त्रीमा निरन्तरता दिइरहन खोजेपछि कांग्रेस र माओवादीले पाण्डेलाइ दवाव दिन थालेको छ ।

बिहीबार सरकारको आगामी आर्थिक वर्ष २०७९/८० को बजेट संसदबाट बहुमतले पारित भएसँगै कांग्रेसले सत्ताको साँचो आफूलाई सुम्पिन पाण्डेलाई दवाव दिन थालेको हो । पाण्डेलाई दवावस्वरुप कांग्रेस र माओवादीले समेत बुधबार नै उनीविरुद्व हस्ताक्षर संकलन गरिसकेको छ । गठबन्धनको एक सांसदको अनुसार बुधबार कांग्रेसको २२ र माओवादीको २३ सांसदको हस्ताक्षर संकलन गरिनुको साथै पाण्डेले सहजै बाटो खुल्ला नगरे सरकारमा रहेको आफ्नो दलको मन्त्रीहरुलाई फिर्ता बोलाउने निर्णय समेत भएको छ । बिहीबार प्रदेशसभाबाट बजेट पारित भएसँगै पाण्डे र बानियाँ दुवै संघीय राजधानी काठमाडौं गएका छन् ।

बागमती प्रदेशका मुख्यमन्त्री पाण्डेले प्रदेश सरकार परिवर्तनसँग जोडेर आएका प्रश्नहरुको निरुपण पाँच दलीय गठबन्धनको बैठकबाट हुने बताएका छन् । आफूविरुद्व कांग्रेस र माओवादीले मोर्चाबन्दी गर्न थालेपछि पाण्डेले बिहीबार सामाजिक सञ्जाल ट्वीटरमा लेख्दै गठबन्धनको मूल स्पिरिट कायम रहने गरी आगामी कदम तय हुने समेत बताएका हुन् ।

'बागमती प्रदेशमा सरकार परिवर्तनसँग जोडेर आएका प्रश्नहरुको निरुपण पाँच दलीय गठबन्धनको केन्द्रीय बैठकबाट हुनेछ । गठबन्धनको मूल स्पिरिट कायम रहने गरी आगामी कदम तय हुनेछन्', उनले लेखेका छन् । पाण्डे आफ्नो पद केन्द्रले जोगाइदिने आशमा छन् ।

आफू मुख्यमन्त्री केन्द्रकै निर्णयअनुसार भएको भन्दै प्रदेशमा भएको उतारचढावले कुनै फरक नपर्ने उनको भनाइ छ । कांग्रेस संसदीय दलका नेता बानियाँले बागमती प्रदेशमा केही दिनमा नै कांग्रेसको नेतृत्वमा सरकार बन्ने दाबी गरेका छन् । सत्तारुढ गठबन्धनमा भएको सहमति अनुसार आफ्नो नेतृत्वमा नयाँ सरकार गठन हुने उनले दावी गरेका हुन् ।

बानियाँले सरकारको परिवर्तन गर्न आवश्यक प्रक्रिया मिलाउनुपर्ने भएकाले मात्रै हस्ताक्षर संकलन गरिएको बताए । 'सरकार परिवर्तनको प्रक्रिया अब सुरु भयो । प्रक्रिया मिलाउनै हस्ताक्षर संकलन गरिएको हो । संकलित हस्ताक्षर प्रदेश प्रमुखलाई बुझाएपछि सरकार नेतृत्व परिवर्तन हुन्छ,' उनले भने । हस्ताक्षर संकलनको विषयमा मुख्यमन्त्री पाण्डे समेत जानकार रहेको पनि बानियाँले दावी गरे ।

नेकपा माओवादी केन्द्रका नेता एवम् बागमती प्रदेशसभा सदस्य युवराज दुलालले प्रदेश सरकार परिवर्तन हुने भएको खण्डमा आजभोलि नै हुनसक्ने बताएका छन् । उनले सरकार परिवर्तन हुने भएको खण्डमा केही दिनमै हुने अन्यथा परिवर्तन नहुने बताए ।

दुलालले सरकार परिवर्तनका लागि प्रदेशस्तरमा तीव्र रुपमा छलफल भए पनि केन्द्रले पनि त्यसमा प्रत्यक्ष रुपमा भूमिका खेल्ने भएकाले निर्णयका लागि केन्द्रको निर्देशन पर्खनुपर्ने बताए ।

उनले गठबन्धनको सरकारमा आवद्ध भएपछि सहमति र सहकार्यको निरन्तरता नै मुख्य विषय हुने भएकाले त्यसलाई प्रभावित पार्ने काम गर्न नहुने प्रस्ट पारे । सांसदहरुको हस्ताक्षर संकलनको विषयमा उनले विगतको सहमति अनुसार मुख्यमन्त्री परिवर्तनका लागि प्रक्रियागत कुराहरु मिलाएर तयारी अवस्थामा राखिएको बताए । हस्ताक्षर संकलन अभियानभन्दा पनि सहमति र सहकार्य कार्यान्वयनको विषय मुख्य भएको उनको भनाइ छ । मुख्यमन्त्री परिवर्तनको विषय कुनै एक पार्टीको बलले नहुने भएकाले चार पार्टीको सहमति आवश्यक रहेको उनले बताए ।

# साउन ६ र ७ गते प्रेस युनियनको महाधिवेशन हेटौंडामा हुने

साझाकुरा संवाददाता

हेटौंडा, १६ असार/ नेपाल प्रेस युनियनको ९ औं राष्ट्रिय महाधिवेशन आगामी साउन ६ र ७ गते हेटौंडामा हुने भएको छ ।

बिहीबार पत्रकार सम्मेलन गर्दै युनियनले साउनको ६ र ७ गते आफ्नो ९ औं राष्ट्रिय महाधिवेशन हेटौंडामा हुने जनाएको हो । महाधिवेशनको साउन ६ गते प्रधानमन्त्री एवम् नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले उद्घाटन गर्ने कार्यक्रम तय भएको युनियनका केन्द्रिय अध्यक्ष बद्रि सिग्देलले जानकारी दिए ।

बिहीबार रिगल हेटौंडा रिसोर्टमा महाधिवेशन तयारीको लागि सचिवालयसमेत स्थापना गरिएको छ । नेपाली कांग्रेस बागमती प्रदेश सभापति एवम् कांग्रेस बागमती संसदीय दलका नेता इन्द्रबहादुर बानियाँले सचिवालयको उद्घाटन गरेका हुन् । सचिवालय उद्घाटन गर्दै बानियाँले युनियनको महाधिवेशन सम्पन्न गर्न पार्टीले सबै प्रकारको




सहयोग गर्न तयार रहेको बताए । मुलुकमा लोकतन्त्र र प्रजातन्त्रको रक्षा गर्न पत्रकारको अहम् भूमिका हुने भन्दै बानियाँले पत्रकारले सत्य र तथ्यमा आधारित भई सत्य सामाग्री प्रवाह गर्नुपर्नेमा जोड दिए ।

पत्रकार सम्मेलनमा बोल्दै प्रेस युनियनका अध्यक्ष बद्री सिग्देलले युनियनको महाधिवेशनको तयारी तीव्र पारिएको भन्दै साउन पहिलो साता युनियनका देशभरका करिब १ हजार पाँच सय प्रतिनिधि र अतिथिहरुको सहभागितामा महाधिवेशन भव्य रुपमा सम्पन्न गर्ने बताए । महाधिवेशनको तयारीका लागि केन्द्रीय तथा स्थानीय समितिहरु गठन भइसकेको पनि उनले बताए । विविध कारणले यसअघि युनियनको महाधिवेशन सर्दै आएकोमा यस पटक भने जस्तोसुकै कठिन परिस्थितिका बाबजुत पनि महाधिवेशन सम्पन्न गर्ने उनले प्रतिवद्धता जनाए ।

महाधिवेशनले युनियनको नयाँ कार्यसमितिसमेत चुन्ने छ । महाधिवेशन सम्पन्न गर्नको लागि युनियनले केन्द्रीय सदस्य एवम् बागमती प्रदेश संयोजक राममणि दाहालको संयोजकत्वमा स्थानीय समन्वय समिति गठन गरेको छ । जसको सहसंयोजकमा केन्द्रीय सदस्य गिरिजा अधिकारी रहेका छन् । आवास व्यवस्थापन समिति संयोजकको जिम्मा रुपेश दुलाललाई दिइएको छ भने भोजन व्यवस्थापनमा सुजन विडारीलाई संयोजक तोकिएको छ । पोष्टराज अधिकारी कुमारको संयोजकत्वमा सचिवालय व्यवस्थापन हुनेछ भने प्रचार प्रसारको जिम्मा केशव समर्पणलाई दिइएको छ ।

अध्यक्ष बद्री सिग्देलको संयोजकत्वमा मूल आयोजक समिति गठन गरिएको छ । स्वागत सत्कार समिति संयोजकमा उपाध्यक्ष ईश्वरी ओझा रहेका छन् । विधान मस्यौदा संशोधन समितिको संयोजक वरिष्ठ उपाध्यक्ष दीपक आचार्य रहेका छन् भने प्रतिनिधि व्यवस्थापनको जिम्मा कार्यबहाक महासचिव भिष्मराज ओझालाई दिइएको छ । कोषाध्यक्ष सरोज अधिकारीको संयोजकत्वमा आर्थिक व्यवस्थापन समिति गठन गरिएको छ भने तेज रावलको अध्यक्षमा निर्वाचन समिति गठन गरिसकिएको छ ।

## लागूऔषध गाँजासहित दुई जना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १६ असार/ मकवानपुर प्रहरीले लागूऔषध गाँजासहित दुई जनालाई पक्राउ गरेको छ । प्रहरीले मनहरी गाउँपालिका-९ ज्यामिरेबाट १५ किलो गाँजासहित दुई जनालाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेहरूमा चितवन राप्ती नगरपालिका-११ बस्ने २६ वर्षीय इन्द्रबहादुर प्रजा र सोही ठाउँ बस्ने २३ वर्षीय अकल बहादुर प्रजा रहेका छन् । उनीहरुलाई ईलाका प्रहरी कार्यालय मनहरीबाट खटिएको प्रहरीले पक्राउ गरेको हो ।

चितवनबाट हेटौंडातर्फ जाँदै गरेको ना.७ ख ६०५९ नम्बर को बसमा गाँजा ल्याउँदै गरेको विशेष सूचनाको आधारमा पुगेको टोलीले बस चेकजाँच गर्ने क्रममा इन्द्रबहादुरको साथबाट ७ किलो ३ सय ६० ग्राम र अकलबहादुरको साथबाट ७ किलो ६ सय ४० ग्राम गाँजा बरामद भएपछि निजहरुलाई पक्राउ गरेको जनाइएको छ । पक्राउ परेका उनीहरुमाथि आवश्यक अनुसन्धान गरिरहेको मकवानपुर प्रहरीले जनाएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरु:
- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित
सुन्दर नगरी हेटौंडामा बिक्री
शुभारम्भ
YADEA e-SCOOTERS



GRAND OPENING
Offer
रु.१०,०००/- नगद छुट

YADEA e-SCOOTER का विशेषताहरु:
- Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
- Full Charge ले १०० किमी कुदने ।
- २००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १५ युनिट विद्युत् खपत ।
- ट्यूबलेस टायर
- ग्यारेन्टीमा एक वर्ष वारेन्टी

बर्षा ई-अटोमोबाइल्स
हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)
प्रो. सबी भण्डारी ९८५५०६७४६०

साझाकुरा

## हाम्रो कुरा

## बागमती प्रदेशको बजेट प्रभावकारी कार्यान्वयनमा चुनौती

बागमती प्रदेश सरकारले आर्थिक वर्ष २०७९/८० को लागि नयाँ नीति तथा कार्यक्रम एवम् बजेट सार्वजनिक गरेको छ । प्रदेश सरकारले कूल ७० अर्ब ९३ करोड ९२ लाख रुपैयाँ बराबरको बजेट सदनमा प्रस्तुत गरेको थियो । अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक सर्वसम्मत र विनियोजन विधेयक बहुमतले पारित गरेको छ । यससंगै बागमती प्रदेशको आगामी आर्थिक वर्षको लागि चालुतर्फ १९ अर्ब दुई करोड, पूजीगतर्फ ४१ अर्ब ५६ करोड, वित्तीय हस्तान्तरणतर्फ आठ अर्ब र वित्तीय व्यवस्थापनतर्फ दुई अर्ब बजेट विनियोजन भएको छ । बजेटमा सबैभन्दा बढी भौतिक पूर्वाधार विकासतर्फ २४ अर्ब, कृषि तथा पशुपक्षी मन्त्रालयतर्फ चार अर्ब ४९ करोड ३० लाख, स्वास्थ्यतर्फ चार अर्ब ८९ करोड २३ लाख र सामाजिक विकासतर्फ तीन अर्ब ७७ करोड तीन लाख रुपैयाँ बजेट विनियोजन भएको छ ।

प्रदेश गौरबको रुपमा खासै ठूला योजनालाई अगाडि नसारेको बागमती प्रदेश सरकारले तीन वटा सुरुङमार्ग, रासायनिक मल उद्योग स्थापनाको सम्भाव्यता अध्ययन तथा कृषि औजार उत्पादन कारखान स्थापनाको लागि बजेट विनियोजन गरेको छ । प्रदेश सरकारले पेट्रोलियम पदार्थको मुल्य बृद्धि भएसंगै विद्युतीय माध्यमबाट सञ्चालन हुने सवारीसाधनको चार्ज गर्नका लागि चार्जिङ स्टेशन स्थापना गर्ने कार्यका लागि बजेट विनियोजन गरेको छ । यस्तै मुख्यमन्त्री स्वरोजगार कार्यक्रममा १५ करोड रुपैयाँ विनियोजन गरेर १० हजार जनालाई स्वरोजगार बनाउने योजना प्रदेश सरकारको छ । किसानलाई दिइँदै आएको वितरणमुखी अनुदान कार्यक्रमलाई थप प्रभावकारी बनाउने लक्ष्यसहित निर्ब्याजी ऋण तथा सहुलियतपूर्ण ब्याजमा ऋण उपलब्ध गराउने योजना सरकारले अगाडि सारेको छ ।

समग्रमा बागमती प्रदेशको योजना लोकप्रिय भएपनि कार्यान्वयन पक्ष चुनौतीपूर्ण छ । प्रदेशबाट विनियोजन भएका भौतिक पूर्वाधार क्षेत्रका योजनाहरु स-साना योजनाहरु भएकोले खर्चको दृष्टिकोणले धेरै चुनौतीपूर्ण छ । कृषि क्षेत्रमा ब्याजमा दिने अनुदान तथा निर्ब्याजी ऋण पहुँचवाला र नेताका आफन्तलेमात्र पाउने अवस्था भयो भने सरकारको आलोचना हुनेछ । मुख्यमन्त्री स्वरोजगार कार्यक्रममा जम्मा १५ करोड रुपियाँले १० हजार जनालाई स्वरोजगार बनाउने योजना आफैंमा महत्वाकांक्षी छ । सबै क्षेत्रलाई मिलाएर बजेट कार्यान्वयन गर्न चुनौती बागमती प्रदेश सरकारसामु रहेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ असार १८ गते शनिबार २ जुलाई २०२२ । असार शुक्लपक्ष तृतीया । दिल्लाथ्व ११४२ । सूर्योदय: ५:१३, सूर्यास्त: ७:०२ मा हुनेछ । विश्व खेलकुद पत्रकार दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : घरेलु काममा रुचि | तुला | : अध्ययनमा प्रगति हुने |
| वृष | : जोस एवम् जांगर बढ्ने | वृश्चिक | : रोग एवम् चिन्ता बढ्ने |
| मिथुन | : प्रयासहरु फलदायी हुने | धनु | : व्यवसायबाट लाभ पाइने |
| कर्कट | : मान मर्यादामा वृद्धि | मकर | : जिम्मेवारी पूरा गर्न सकिने |
| सिंह | : लेनदेनको विवाद बढ्ने | कुम्भ | : गलत विचार बढ्ने |
| कन्या | : स्वास्थ्यमा सुधार हुने | मीन | : काममा अबरोध आउने |

# पूर्वप्रधानन्यायाधीशको छोरी हुनु मात्र न्यायाधीशको योग्यता हो त ?



दीपकराज जोशी

न्याय परिषद्ले १९ चैत्र २०७५ मा उच्च अदालतमा १८ र सर्वोच्चमा ५ जना गरी २३ जना न्यायाधीशको नियुक्त गर्ने गरी सिफारिस गर्‍यो । न्यायपरिषद्का सिफारिस विवादरहित भने कहिले हुन सकेन । उक्त सिफारिसमा तत्कालीन पूर्वप्रधानन्यायाधीश रामकुमार प्रसाद साहको छोरी हाल उच्च अदालत बुटवलमा कार्यरत रेणुका साहलाई समेत नियुक्ति सिफारिस गरिएको थियो । साहकी छोरी रेणुका साहले वकिलको प्रमाणपत्र लिएपछि कुनै पनि अड्डा अदालतमा मुद्दामा बहस पैरवी गर्नु भएको छैन भन्ने कुरा अहिले मिडियाबाट बाहिर आइसकेको छ । तैपनि न्यायपरिषद् यस्तो नियुक्तिमा पनि चुप लागेको छ ।

सञ्चारमाध्यममा आएको समाचार अनुसार न्यायाधीश रेणुका साहले सिटिइभिटी भक्तपुरमा नियुक्ति लिँदा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् बढुवा तथा पदपूर्ति समितिको २ साउन २०५५ को सिफारिशमा सोही महिनाको १० गतेका निर्णयानुसार तपाईलाई परिषद्को प्रशासकीय अधिकृत (अधिकृत स्तर तृतीय श्रेणी प्र.) पदमा नियुक्त गरियो भनी दिएको पत्रले उहाँ विशुद्ध प्रशासकीय अधिकृतको रूपमा नियुक्त कर्मचारी हो भन्ने देखिन्छ ।

पछि सोही पदमा निजको बढुवा भएको र सोही कार्यालयमा उपनिर्देशक पदमा बढुवा भएपछि उक्त पदबाट १७ चैत्र २०७५ मा राजीनामा दिएको पाइन्छ । राजीनामा सोही दिन स्वीकृत भएको ब्यहोरा परिषद् कार्यालयमा रहेको अभिलेखबाट देखिन्छ । साथै निजले परिषद्को उक्त सेवा अवधिमा रहँदा प्रशासनतर्फको मात्र जिम्मेवारीमा रही कार्य गरेको देखिन्छ भनी पत्राचार गरिएको छ । यसरी सिटिइभिटीमा कुनै पनि कानुनी राय वा कानुनसँग सम्बन्धित कुनै पनि भूमिकामा रहेर कार्य नगरेको कुरा थाहा पाउन सकिन्छ ।

संविधान र कानुन विपरीत नियुक्त गर्दा न्यायपरिषदको तत्कालीन अध्यक्ष हाल निलम्बनमा परेका चोलेन्द्र शमसेर जबरा थिए । उनी न्यायपालिकाको नेतृत्वमा आएदेखि मुद्दामा आफैंले सेटिङ गरेको, न्यायपालिकामा भ्रष्टाचार बढेको, बार र बेन्च समन्वय समितिलाई निष्क्रिय हुने गरी कार्य गरेको कारणले गर्दा नेपाल बार, सर्वोच्च अदालत बार र सर्वोच्च अदालतका माननीय न्यायाधीशहरुले समेत आन्दोलनमा प्रत्यक्ष सहभागिता जनाएको कुरा कतै लुकेको छैन ।

**संविधानमा रहेको व्यवस्था**

नेपालको संविधान २०७२ जारी भएको ६ वर्ष भएको छ । संविधानको धारा १४० मा उच्च अदालतको मुख्य न्यायाधीश र न्यायाधीशको नियुक्ति तथा नियुक्तिको लागि चाहिने योग्यताको व्यवस्था गरेको छ । उक्त व्यवस्थामा कानुनमा स्नातक उपाधि प्राप्त गरी जिल्ला न्यायाधीशका रूपमा कम्तीमा ५ वर्ष काम गरेको वा कानुनमा स्नातक उपाधि प्राप्त गरी वरिष्ठ अधिवक्ता वा अधिवक्ताको रूपमा कम्तीमा दश वर्ष निरन्तर वकालत गरेको हुनुपर्छ । वा, कम्तीमा दश वर्ष कानुनको अध्यापन, अन्वेषण वा कानुन वा न्याय सम्बन्धी अन्य कुनै क्षेत्रमा निरन्तर काम गरेको नेपाली नागरिक उच्च अदालतको मुख्य न्यायाधीश तथा न्यायाधीशको पदमा नियुक्तिका लागि योग्य मानिनेछ भन्ने व्यवस्था गरिएको छ ।

यो पनि शक्तिका आडमा 'अयोग्य'लाई यसरी बनाइयो उच्च अदालतको न्यायाधीश कानुन व्यवसायी तर्फबाट नियुक्त हुनेहरूको हकमा भने वरिष्ठता, व्यावसायिक निरन्तरता, इमानदारी, पेसागत आचरण र न्याय तथा कानुनको क्षेत्रमा गरेको योगदानको मूल्याङ्कन गरी नियुक्त गरिनेछ भन्ने व्यवस्था राखिएको हुँदा निज रेणुका साहको उल्लेखित योग्यता पुग्ने कुनै पनि आधार देखिँदैन । प्रधानन्यायाधीशको छोरी र कानुनमा स्नातक गरी वकिलको प्रमाणपत्र लिएको बाहेक अन्य कुनै पनि योग्यता निजमा रहेको देखिँदैन । तैपनि संविधानद्वारा स्थापित संस्थाका मुखियाहरूले संविधानमा भएको व्यवस्थालाई समेत बेवास्ता गरी खल्तीबाट न्यायाधीश नियुक्त गरिरहेको कार्य आफैमा निन्दनीय छ ।

**न्यायपरिषद् ऐनमा न्यायाधीश नियुक्तिको व्यवस्था**

न्याय परिषद् ऐन, २०७३ को दफा ३ मा न्यायाधीश नियुक्त हुन योग्य व्यक्तिहरूको अभिलेख तयार गर्ने भन्ने व्यवस्था बमोजिम ऐनले त्यस्ता व्यक्तिहरूको अभिलेख तयार गरी तीनै व्यक्तिहरूबाट न्यायाधीश नियुक्त गर्नुपर्नेमा खल्तीबाट न्यायाधीश नियुक्त गर्दा न्यायपालिकाको साख झन् गिर्दो क्रममा रहेको छ । ऐनमा न्याय परिषद्ले सर्वोच्च अदालत, न्याय सेवा आयोग, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय, नेपाल कानुन व्यवसायी परिषद् लगायतका अन्य उपयुक्त संस्था समेतबाट संविधान बमोजिम न्यायाधीशको पदमा नियुक्त हुन योग्यता पुगेका व्यक्तिको विवरण माग गर्न सक्ने व्यवस्था छ । तर निज रेणुका साह त्यस्तो संस्थामा काम गर्ने व्यक्ति समेत नरहेको कुरा देखिन्छ । उच्च अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशको पद रिक्त हुन आएमा न्याय परिषद्ले त्यस्तो पद रिक्त भएको मितिले तीन महिनाभित्र नियुक्तिको लागि सिफारिस गर्नुपर्ने हुन्छ । यसरी सिफारिस गर्दा अभिलेख राखिएका व्यक्तिबाट गर्नुपर्छ । तर, रेणुका साह त्यस्तो अभिलेखमा परेको व्यक्ति पनि होइनन् । वरिष्ठता, अनुभव, विषयवस्तुको ज्ञान, कार्यकुशलता, इमान्दारी, निष्पक्षता, पेसागत तथा नैतिक आचरण, सार्वजनिक जीवनमा आर्जन गरेको ख्याति, न्याय र कानुनको क्षेत्रमा गरेको योगदान समेतका दृष्टिकोणबाट न्यायाधीशको पदमा नियुक्त गर्न उपयुक्त भएको व्यक्तिलाई न्यायाधीशमा नियुक्त गर्नु भन्ने व्यवस्था समेत न्यायपरिषद ऐनले गरेको छ । रेणुका साहको यस्तो योग्यता समेत पुगेको देखिँदैन । निजले कानुनको क्षेत्रमा कुनै पनि किसिमको योगदान समेत दिएको पाइँदैन ।

कुनै व्यक्तिले आफ्नो योग्यता वा अयोग्यता लुकाई न्यायाधीशको पदमा नियुक्ति भएको कुरा जानकारीमा आएमा न्याय परिषद्ले त्यस्तो न्यायाधीशलाई तुरून्त पदबाट हटाउन प्रधानन्यायाधीश समक्ष सिफारिस गर्नेछ भनी ऐनमा उल्लेख छ । तर न्यायपरिषद्ले कुनै 'एक्सन' चालेको छैन ।

**न्यायपालिकाको क्षयीकरण**

२०४७ सालको संविधान हिँडाउन केही कहलिएका व्यक्तिको डिजाइनमा कार्यको थालनी हुन थाल्यो । त्यसैको उपज थियो, ०६३ को जनआन्दोलन । अन्तरिम संविधान आएपछि संस्थागत सुदृढीकरण भन्दा पनि यसको क्षयीकरणमा बढी मलजल हुने गरी न्यायपरिषद् सदस्य र न्यायपालिकामा न्यायाधीश नियुक्त हुन थाले । पेसा व्यवसायमा निष्ठावान तथा क्षमतावान् व्यक्तिहरुलाई बेवास्ता गर्दै राजनीतिक दल आबद्ध बारका पदाधिकारी, लेवी बुझाउने व्यक्ति तथा कार्यकर्ता वा न्यायपालिकाका प्रभावशाली व्यक्तिको निजी स्वार्थमा सर्वोच्च अदालत र उच्च अदालतको न्यायाधीश नियुक्ति गर्ने प्रचलन बढ्दो क्रममा रहयो । यसरी राजनीतिका कारण संस्था धराशायी हुँदै गएको देखिन्छ । न्यायपालिकामा अयोग्य व्यक्ति मुख्य स्थानमा नियुक्त हुनु र तिनमा रहेको अयोग्यताका कारण गणतन्त्रसमेत संकटमा पर्न सक्छ ।

नियुक्त हुनेमा नेताका दाइभाइ, सालासाली, छोरी भान्जी ज्वाई, ल फर्म पार्टनर, फर्मका वारिस लगायतका व्यक्तिहरु मात्र पर्ने गरेको र ती मध्ये अधिकांश व्यक्तिहरूको उच्च नैतिक चरित्र नभएको देखिने कारणले गर्दा न्यायपालिकामा भ्रष्टाचार मौलाएको हो भन्दा फरक परोइन । यस सम्बन्धमा माननीय हरि कृष्ण कार्कीबाट आएको प्रतिवेदन गणतान्त्रिक लोकतन्त्रका हिमायतीहरुको गालामा गतिलो झापड हो । दलीय राजनीतिमा संलग्न नरहेको व्यक्तिलाई योग्यता, दक्षता, क्षमता, अनुभव, उमेर, न्यायिक निष्ठा, इमान्दारिता, विगतको पृष्ठभूमि, सार्वजनिक जीवनमा आर्जन गरेको ख्याति र उच्च नैतिक चरित्रलाई समेत विचार गरी न्यायाधीशको पदमा नियुक्ति गरिनुपर्छ भन्ने सबैले मानेको कुरा हो । तर, यस्ता व्यवस्था संविधान र कानुनमा राख्नको लागि मात्र राखिन्छ । यसको पालना गराउन स्वयम् सर्वोच्च अदालतको सम्मानननीय पनि अग्रसर हुँदैनन् भने देशको नेता र जनताले कानुन कसरी मान्छन् ?

**न्यायाधीश नियुक्तिमा अदालतले स्वीकारेको योग्यता**

माननीय न्यायाधीश मनोज शर्मालाई विपक्षी बनाई वरिष्ठ अधिवक्ता शम्भु थापाले रिट दायर गर्नु भएको थियो । उक्त मुद्दामा अदालतले विपक्षी शर्मा निरन्तर १५ वर्षभन्दा बढी कानुनको क्षेत्रमा वकालत गरेको व्यक्ति हुँदा निजको सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्तिको लागि उक्त धारा १२९(५) बमोजिम योग्यता पुगेको छैन वा निज अयोग्य छन् भन्न नमिल्ने हुँदा निवेदन जिकिर पुग्न सक्दैन ।

रिट निवेदन खारेज हुने ठहर्छ भनी आदेश भएको पाइन्छ । तसर्थ यसै सम्मानित सर्वोच्च अदालतबाट भएका फैसला समेतका आधारमा विपक्षी रेणुका साहको कुनै पनि दृष्टिकोणले योग्यता पुग्न सक्दैन । त्यस्तै यिनै साहलाई समेत विपक्षी बनाई नियुक्ति भएको केही समयमै मुद्दा दायर भएको थियो । जसमा अदालतले विपक्षी मध्येका रेणुका साहले अधिवक्ताको प्रमाणपत्र लिएर निरन्तर वकालत नगरेको, सिटिईभिटीमा काम गरेको हुँदा योग्यता नपुगेको भन्ने कुरा निवेदनमा उल्लेख भएको छ ।

न्यायपरिषद जस्तो जिम्मेवार निकायले निर्णय गर्दा त्यति कुरा नहेरी नियुक्तिको सिफारिश र निर्णय गरेको होला भनी अनुमान गर्नुपर्ने समेत हुँदैन भनी रिट खारेज गरेको थियो । उल्लेखित तीनै निवेदनमा कारण देखाउ आदेश समेत जारी नगरी रिट खारेज गरिएको थियो । रेणुका साहले संवैधानिक व्यवस्था विपरीत आफ्नो योग्यता ढाँटी वा योग्यता नै नभई संविधान विपरीत उच्च अदालतको न्यायाधीशमा नियुक्ति लिएको, निजको संविधान र कानुनले तोकेबमोजिम उच्च नैतिक चरित्र कायम नभएको, निजको सामाजिक प्रतिष्ठा, निजप्रतिको जनभावना, निजले विगतमा गरेको भनिएको सेवाको अनुभव, निजको इमान्दारिता अड्डा अदालत तथा सरकारी अभिलेखहरुबाटै खण्डित भैरहेको अवस्था छ । त्यसैले उनको नियुक्ति खारेज हुनुपर्छ । योग्यता नै नपुगेको व्यक्तिले न्याय कसरी गर्छ ? उनको कार्यक्षमता सहि वा गलत के हो, कसले छुट्याउने ? हामी संविधानको कार्यान्वयनको कुरा गर्ने तर कम्बल ओडेर घिउ खानेको जमात भने निकै ठूलो देखिन्छ ।

*- साभार: रातोपाटी*

# कस्तो सपना देख्न पुगेछु कमरेड !



दिनेश रायमाझी

पल्टिएर आँखा चिम्म के मात्रै गरेको थिएँ अनायासै चाउएन लाई, निकिता खुचेभ र हाम्रा 'केपी बा' बारे मनमा कुरा खेल्यो । कता-कता पढेको हो कि कसैले भनेर सुनेको हो, ठ्याक्कै थाहा भएन, जेसुकै भए पनि, उनीहरूबारे मनमा तर्कना चल्यो । कुरा के थियो भने, मलाई सम्झना भएसम्म, खुचेभले चाउलाई एउटा भेटमा होच्याउने काम गरे । कुनै एउटा समारोहमा ती दुईको भेट भएछ । दह्रोसँग हात मिलाउँदै ख्रुस्चेभले भनेछन्- अहो कमरेड, तपाईं त धेरै धनी मान्छे, ठूलो पुँजीपतिको छोरो ! कसरी सर्वहारा वर्गको नेता ? कम्युनिष्ट पार्टीको सरकारमा प्रधानमन्त्री बन्न कसरी सम्भव भयो ? खासमा त मजस्तो साँच्चैको गरिब सर्वहाराको छोरो पो हुनुपर्ने हो, होइन र ? अनपेक्षित यस्तो प्रश्न सुनेर एकछिन त चाउ अल्मलिएछन्, नसोचेको र कुनै सरोकारै नभएको यस्तो नचाहिने प्रश्न किन गरे भनेर । तर, तत्कालै सहज तरिकाले जवाफ दिँदै भनेछन्- कुरा यस्तो हो कमरेड, मैले मेरो वर्गलाई धोका दिएँ र तपाईंले पनि आफ्नो वर्गलाई धोका दिनुभयो, बस् कुरा यत्ति हो । चाउको यस्तो जवाफ सुनेर ख्रुस्चेभ अलि असामञ्जस्यमा परेजस्तो गर्दै अरुतिर फर्के ।

ठ्याक्कै यहीबेला मनमा झल्याँस्स अर्को कुरा बिजुली चम्केजस्तो रफ्तारमा उठ्यो । हैन गाँठे मेरो अध्यक्ष पनि त वर्गबाटै आएको हो । जेल पर्दाताका चाडबाड परेको बेला कार्यकर्ताले कुखुराको भाले पकाएर भेट्न जान्थे, आफ्नो नेताले खान पाएका छैनन् कि भनेर । अत्यन्तै गरिब परिवारबाट आएका, चौध वर्ष जेलै बसेका तर आज अध्यक्ष धेरै अर्कै देखिन्छन् । लवाई, खवाई अर्कै छ । साथी र संगत पनि अलि हुनेखानेहरूको छ । कतै यिनले पनि चाउ र ख्रुस्चेभले जस्तै आफ्नो (हामी) वर्गलाई धोका दिएका त होइनन् ? यत्ति मात्रै के मनमा आएको थियो, भुसुक्कै निदाएछु । विपनाको योभन्दा अरू केही सम्झना छैन ।

सपना पनि कस्तो-कस्तो देखिने । विपनाकै जस्ता कुरा सपनामा पनि आउने ! यस्तो सपना देखें भनेर कसैलाई सुनाउन पनि अप्ठ्यारो । यो त भएकै कुरा हो, केको सपनामा यस्तो देखें भनेको होला भन्लान् र उडाउलान् भन्ने डर । निदाएको, कतिबेरमा सपना देखेछु थाहा हुने कुरा भएन । तर, जे-जस्तो सपना देखें त्यो भने गज्जबको थियो, सपनामै पनि ब्युँझिन मन नलाग्ने सपना ! भनेपछि कस्तो सपना होला ल भन्नू त ?

यस्तो थियो सपना- मेयर सा'पले उहिल्यैको चुनावमा ल्याएको भन्दा डबल भोटले लिड गरिरहेका छन् । मतगणनास्थल बाहिर समर्थकको ठूलो भीड जम्मा भएर नारा लगाइरहेको छ । सबैजसो प्रतिद्वन्द्वी कालै नीलै छन् हारिने पक्का भयो भनेर । मीनेट मीनेटमा पानी खाइरहेका छन्, आत्तिएर । केही चुरोट सुर्क्याउँदै छन् र ओंठ कलेटी परेका छन् । केही त हारिने चुनावको मतगणनामा किन बस्नु भन्दै दिक्क मानेर अब सुत्न गइन्छ भनी घरतिर लागेका छन् ।

सपना पनि मीनेटमै फेरिने, क्या गजब के ! आहा, ब्रह्मनाल त वास्तवमै अति सुन्दर, सुतुँसुतुँ लाग्ने । घरतिर फर्किनै नपरे हुँदो हो जस्तो हुने । यता हेरे पनि आगो बलेको छ, उता हेरे पनि आगै बलेको छ र मान्छेहरू मुख छोपेर तापिरहेका छन् । साँच्चिकै घर त फर्किनै मन नलाग्ने । सफासुग्घर पनि उस्तै तहको, त्यसैमा राष्ट्रिय गान नै बज्ने । यस्तो भएपछि घर फर्किन मन लाग्ला त कसैलाई ? देशैभरि एमालेका उम्मेदवारहरूले जितेर विजय जुलुस निकालिरहेका । नारा पनि यस्तो कि निरन्तर भट्याइरहुँजस्तो, वी लभ यु, आइ लभ यु, यस्तै के के हो के के, मनै प्रफुल्ल हुने । योभन्दा बढी सपना देखिएन । यो सपना टुंगिए पनि निद्रा भने खुलेन । लगत्तै अर्को सपना पो देख्न शुरु गर्छु । सपना पनि कस्तो भने अध्यक्षलाई भेटेरै अहिलेको चुनावमा हासिल भएको उपलक्ष्यमा बधाई दिनुपर्‍यो भनेर पिएलाई फोन गरिरहें । पिएलाई के भन्दो रहेछु भने, 'जिल्लाको कार्यकर्ता हुँ मलाई भेटको निम्ति समय मिलाइदिनुस् ।' निजी सचिवले पनि पहिलो घण्टीमै फोन उठाउँछन् त बा ! सपनामै चित खाएँ (दिनकै कुरो सपनामा देखिन्छ भन्छन्, हो जस्तो लाग्यो) । लालसलाम कामरेड के भन्न भ्याएको थिएँ पिए कमरेडले तत्काल जवाफ दिए, हुन्छ नि ! ३ बजेतिर आउनुहोस् भेट हुन्छ । उनको जवाफपछि मैले धन्यवाद भनेर फोन काटेछु । अब म अध्यक्षको घरतिर लाग्छु । कतिखेर ३ बज्ला भन्दै घरनजिकै पुगेर यताउता हेर्दै टहलिन्छु । घरिघरि घडीमा पनि हेर्छु कति बजेछ भनेर । ठ्याक्कै २ के बजेको थियो मेरो मोबाइलमा घण्टी बज्यो, नम्बर हेरेको उनै पिएको रहेछ, उठाएर हजुर कमरेड भनें । उताबाट पिएले भने, सुन्नुस् त कमरेड, आज खासमा मान्छे धेरै छैनन् । अलिअलि थिए ती सबै गइसके । अध्यक्ष कमरेड आराम गरेर पनि उठिसक्नुभएको छ, तपाईं दुई बजे नै आउनुहोस्, तपाईंलाई पनि फर्केर टाढा जान ढिला होला । ढिला नगर्नुहोला । मैले हवस् भनेर फोन काटेको मात्रै के थिएँ, ब्युँझिहालें । ब्युँझिँदै मनमा पीर परिसकेको रहेछ ।

यस्तो हालत त हुनै सक्दैन हाम्रो महान् पार्टीका शक्तिशाली अध्यक्षको । मैले सपना जे देखें त्यो सपना मात्रै हो, यथार्थ होइन भनेर चित्त बुझाएँ किनभने अध्यक्ष मात्र होइन, उपाध्यक्ष, महासचिव जोसुकै कमरेड कतै निस्किँदा वा एयरपोर्ट जाँदा वा एयरपोर्टबाट कतै होटलतिर आराम गर्न जाँदा स्वागत गर्ने कार्यकर्ताको ताँती देखिरहेको मैले यस्तो झुटा सपना पत्याउने कुरा पनि भएन । ह्या यस्तो झुर सपना देखेछु भनेर यस्सो कोल्टे फेरेको त फेरि भुसुक्कै भएर सपना देख्न शुरु गरिसकेछु । त्यो दिन त एकैरातमा कतिथरी सपना देखेछु कि सपनामै सपना देखेर थाकिरहेको म त । विशाल हल रहेछ । मञ्चको बीच, साधारण कुर्सीमा अध्यक्ष र वरिपरि प्लास्टिकका कुर्सीमा वरिष्ठतम् कमरेडहरू बसेका । र, तल फ्लोरमा टनाटन मान्छेहरू, एउटै कुर्सी पनि खाली छैन ।

अध्यक्षले हाँसिँदै माइकबाट बांगो चोरी औँलोले देखाउँदै भनिरहेका कि हो यस्तो हुनुपर्छ कार्यकर्ताको जोश र जाँगर ! पार्टीको एक आह्वानमा यसरी हजारौं संख्यामा उपस्थित भएर मनोबल बढाउने काम गर्नुपर्छ । तपाईंहरूको यो उपस्थितिले मलाई थप ऊर्जा मिलेको छ । यो उपस्थिति विपक्षीका निम्ति दह्रो झापट हो । यसले उनीहरूको मनोबल गिर्नेछ । म खुशी पनि धेरै र छक्क पनि अति नै परेको छु कसरी यो उपस्थिति सम्भव भयो भनेर ।

गाउँ-गाउँमा गएर कमरेडहरूले घण्टी बजाउनु भयो कि ? कि कट्वालेले डाँको हालेछन् ? तपाईंहरूको यो उत्साहजनक विशाल किसिमको उपस्थितिले गज्जबसम्म हौसिएको छु । मलाई थाहा छ तपाईंहरू ढाटा-ढाबाट आउनुभएको छ । उकालो ओरालो हिँडेर आउनुभएको छ । मलाई थाहा छ तपाईंहरूमध्ये धेरै साथी चुनावमा खटेर पनि थाक्नुभएको छ । मैले तपाईंहरूलाई छुट्टै नयाँ कुरा भन्नुपर्ने त्यस्तो केही छैन । सबै पुरानै हुन् । त्यसकारण कसैलाई आँखा चिम्लिन वा निदाउन मन लागेको छ थाकेको कारणले भने साथीहरू आँखा चिम्लिन वा निदाउन सक्नुहुन्छ । निदाउनुस् ढुक्कले । यस्तै-यस्तै बोल्दै हुनुहुन्थ्यो, मेरो त निँदै खुल्यो ।

सपना पनि अर्थ न बर्थका देखिने, कहिलेकाहीँ त र इवाँकै चल्ने ! अर्को के हो हो तर गज्जबकै थियो सपना । सपनामै थिएँ अचानक घन्द्रयाङको आवाजले निँद खुल्यो । तल गएर हेरेको त भोलिको निम्ति चिया खान भनेर फ्रिजको माथि राखेको दूधको भाँडो चोर बिरालोले घोप्ट्याउँदा ताप्के खसेर पो छन्द्रयाङको आवाज आएको रहेछ । यस्सो भित्तामा झुन्डिएको घडी हेरेको, बिहानको साढे चार बजिरहेको रहेछ ।


छेउमै राखेको अम्खोराबाट पानी खाएर फेरि सुतें तर निद्रा भने लागेन । बरु मनमा सपनाको कुरा सम्झेर साँच्चैको पीर पो लाग्यो । सपनामा देखेका कुरा र अहिलेको यथार्थबीच के कति तालमेल मिलेको छ त भनेर सोचें । कतै केही पनि मिल्दैन, पूरै फरक छन् । पशुपति क्षेत्र उस्तै फोहोर छ, कांग्रेसले धेरै ठाउँमा जितेको छ । नेताहरूका कार्यक्रममा मान्छे कम उपस्थित हुन थालेका छन्, आएका पनि हाई काढ्ने र निदाउने गर्छन् । भेट्न भनेर घरमा मान्छेहरू आउन छाडेका छन् । असहमतिको आवाज सुन्न मात्र होइन, सहन छाडिएको छ । यस्तो चालाले पार्टीलाई कहाँ पुर्‍याउने होला भनेर चिन्ता लाग्नु स्वाभाविक हो । पार्टीबाट केही पनि आशा नराख्ने म जस्तालाई त यस्तो चिन्तित बनाएको छ भने धेरै आशा राखेकाहरूको हालत त झन् के होला ? धन्यवाद, लालसलाम !

*-साभार: जनआस्था*

# सोमालिया, सुडान र भुटानसँग पनि नेपालको व्यापार घाटा

काठमाडौं/ नेपालले अहिले विश्वका १६५ भन्दा बढी देशसँग वैदेशिक व्यापार गर्छ । चालु आर्थिक वर्षको ११ महिनाको तथ्यांकलाई आधार मान्दा १३७ देशसँग नेपालले घाटाको व्यापार गर्छ । अर्थात् ती देशबाट नेपालले धेरै सामान खरिद गर्छ र थोरै सामान मात्र पठाउने गर्छ ।

युद्धका कारण आर्थिक स्तरमा पछाडि रहेका थुप्रै अफ्रिकी मुलुकसँग नेपालले घाटाको व्यापार गर्दै आएको छ । गरिबीसँग जुधिरहेको सोमालियासँग नै घाटाको व्यापार गरिरहेको भन्सार विभागले सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०७८/७९ को ११ महिना (साउन-जेठ)को तथ्यांकमा देखिन्छ ।




तथ्यांकअनुसार बितेको ११ महिनामा नेपालले सोमालियाबाट ३ लाख ४३ हजार रुपैयाँ मूल्यको वस्तु आयात गरेको छ । तर नेपालबाट एक रुपैयाँको पनि वस्तु तथा सेवा सोमालियाले लिएको छैन ।

नेपालको अफ्रिकी मुलुक सुडानसँग समेत व्यापार घाटा छ । ११ महिनाको अवधिमा नेपालले सुडानमा ९ लाख ३६ हजार रुपैयाँको वस्तु निर्यात गरेको छ । तर, सुडानबाट नेपालले १२ करोड ६ लाख रुपैयाँ मूल्यको वस्तु तथा सेवा आयात गरेको देखिन्छ । यस हिसाबमा सुडानसँग नेपालको व्यापार घाटा ११ करोड ९६ लाख रुपैयाँको छ ।

दक्षिण एसियाली मुलुक भुटानसँग पनि नेपालको ठूलो अन्तरको व्यापार घाटा छ । भुटानमा नेपालले ४१ करोड ९६ लाख ९५ हजार रुपैयाँको वस्तु निर्यात गरेको छ । तर, भुटानबाट आयात भने १ अर्ब २१ करोड ६१ लाख ९१ हजार रुपैयाँ बराबरको भएको छ । ११ महिनामा भुटानसँग ७९ करोड ६४ लाखको व्यापार घाटा छ ।

चालु आर्थिक वर्षको ११ महिनामा १७ खर्ब ६३ अर्ब ३२ करोडको आयात गर्दा नेपालले १ खर्ब ८५ अर्ब ८३ करोडको वस्तु निर्यात गरेको छ । ११ महिनामै व्यापार घाटा १५ खर्ब ७७ अर्ब ३८ करोड नाघेको छ । यो गतवर्षको यही अवधिको तुलनामा २५ प्रतिशतले बढी हो ।

११ महिनामा भारतसँग नेपालको व्यापार घाटा ९ खर्ब ५५ अर्ब रुपैयाँको छ । चीनसँग २ खर्ब ४३ अर्ब, इन्डोनेसियासँग ४६ अर्ब २१ करोड, यूएईसँग ४३ अर्ब ५३ करोड, अर्जेन्टिनासँग ३७ अर्ब १९ करोड, अमेरिकासँग ३१ अर्ब ७६ करोडको व्यापार घाटा छ ।

त्यसैगरी अष्ट्रेलियासँग २२ अर्ब २३ करोड, युक्रेनसँग २० अर्ब ८१ करोड, मलेसियासँग १६ अर्ब र ब्राजिलसँग १२ अर्ब ३२ करोडको व्यापार घाटा छ । नेपालको एन्डोरा, एन्टिगुवा एन्ड बर्गुडा, अष्ट्रिया, बहमास, बहराइन, बंगलादेश, बारबोडस, बेलारुस, बेल्जियम र बेलिजीसँग पनि व्यापार घाटा छ । बोलिभिया, बोस्निया हर्जगोभिना, ब्रुनाइ, बुल्गेरिया, क्यामरुन, क्यानडा, चिनी, क्रिसमस आइल्यान्ड (अष्ट्रेलिया), कोकोज आइल्यान्ड, कोलम्बिया, कोमोरोज लगायतका देशसँग पनि नेपालको व्यापार घाटा रहेको भन्सार विभागको तथ्यांक छ ।

कोस्टारिका, साइप्रस, चेक रिपब्लिक, डोमिनिकन रिपब्लिक, इस्ट टिमोर, इक्वेडर, इजिप्ट, एल साल्भाडोर, इस्टोनिया, इथियोपिया, फिनल्यान्ड, फ्रान्स, गाबोन, जर्जिया, जर्मनी, ग्रिस, ग्वाटेमाला, गुडेलोप, गुएना, गिनी बिसाउ, होन्डुरस, हङकङ, हंगेरी, आइसल्यान्ड, इन्डोनेसिया, इरान, इराक, आयरल्यान्ड, इजरायल र इटालीबाट हुने आयातभन्दा निर्यातको मात्रा कम छ ।

जापान, जोर्डन, काजकस्तान, केन्या, कोरिया, कोसोभो, कुवेत, लाओ पिपुल्स अफ डेमोक्रेटिक रिपब्लिक, लाट्भिया, लेबनान, लाइबेरिया, लिक्तुन्स्टिन, लिथुनिया, लक्जम्बर्ग, माडागास्कर र मालावीसँग पनि नेपालको व्यापार घाटा छ ।

माली, मार्सल आइल्यान्ड, मोरिसस, मेक्सिको, मंगोलिया, मोजाम्बिक, म्यान्मार, नामिबिया, नेदरल्यान्ड, न्युजिल्यान्ड, निकारागुवा, नाइजेरिया, नर्दन मेरिना आइल्यान्ड, नर्वे, ओमान, पाकिस्तान, पानामा, पाराग्वे, पेरु, फिलिपिन्स, पोल्यान्ड, पोर्चुगल, प्युटोरिको, कतार, माल्दोभा, रोमानिया, रसिया र सेन्ट भिकेन्ट पनि यही सूचीमा छन् ।

सान मारिनो, साउदी अरेबिया, सर्बिया, सिंगापुर, स्लोभाकिया, स्लोभेनिया, साउथ अफ्रिका, स्पेन, श्रीलंका, स्वाजिल्यान्ड, स्वीडेन, स्वीट्जरल्यान्ड, ताइवान थाइल्यान्ड, टोगो, टोकेलउ, ट्युनिसिया, टर्की, टर्क्स आइल्यान्ड, युगान्डा, संयुक्त अधिराज्य, तान्जानिया, ब्रिटिश भर्जिन आइल्यान्ड, उरुग्वे, उज्वेकिस्तान, भेनेजुयला र भियतनामसँग पनि नेपालले घाटा सहेर वैदेशिक व्यापार गरिरहेको छ ।

***व्यापार घाटा घटाउने कार्ययोजना अलपत्र***

नेपालले थुप्रै देशसँग ठूलो व्यापार घाटा मात्रै सहिरहेको छैन, आयातको बढ्दो दरले अर्थतन्त्रको बाह्य क्षेत्रका शोधनान्तर र चालु खाताको घाटा पनि इतिहास उच्च बिन्दुमा पुगेको छ । विदेशी मुद्राको सञ्चिति ६ महिनाको वस्तु तथा सेवाको आयात धान्न सक्ने अवस्थामा पुगेको छ ।

पूर्ववाणिज्य सचिव चन्द्रकुमार घिमिरे विगतमा व्यापार घाटाको जोखिमबारे कुरा गर्नु नै अपराधजस्तो मान्ने राजनीतिक नेतृत्वको प्रवृत्तिले अहिलेको अवस्था ल्याएको बताउँछन् ।

'व्यापार घाटा मुलुकको लागि जोखिम हो, यो घटाउन वाणिज्य मन्त्रालय एक्लैले सक्दैन । जसरी कुल ग्रार्हस्थ्य उत्पादनमा योगदान बढाउन अर्थ मन्त्रालय एक्लैले सक्दैन त्यस्तैगरी व्यापार घाटा रोक्न पनि सबैले बल लगाउनुपर्छ' उनी भन्छन् ।

२०७५ सालमा तयार पारिएको व्यापार घाटा न्यूनीकरण कार्ययोजनामा नेपालभित्र कृषि, वनजन्य, औद्योगिक तथा घरेलु उत्पादन बढाउने गरी सरकारले गर्नुपर्ने प्रोत्साहनमूलक कामहरु समेटिएको थियो । उत्पादनको गुणस्तर बढाउन नीतिगत तथा संरचनागत व्यवस्था गर्ने, निर्यातमा सहजीकरण गर्नेदेखि आयात घटाउने गरी नेपालमै उत्पादन हुनसक्ने वस्तुको प्रवर्द्धन गर्ने नीति लिइएको थियो ।

व्यापार घाटा न्यूनीकरणका लागि १५ वटा निकायले व्यापार घाटा न्यूनीकरणका लागि गर्नुपर्ने १९२ वटा कामका योजना तोकिए पनि कार्यान्वयन गर्न सरकारका कुनै निकाय अग्रसर नभएको पूर्वसचिव घिमिरेको आरोप छ । अहिले नेपाल 'एक्सपोर्ट लेड ग्रोथ' तर्फ नभई, 'इम्पोर्ट लेड ग्रोथ'तर्फ गइरहेको उनको टिप्पणी छ ।

'अर्थ मन्त्रालयको ध्यान राजस्व कसरी बढाउने भन्नेतर्फ मात्रै रह्यो । राजस्व कमाइरहेका छौं भनेर हामीले आयातलाई खुल्ला छोड्यौं, हामी राजस्वमै रत्तियौं', घिमिरे भन्छन्, 'हाम्रा आयातकर्ताहरुले छोटो समयमै विना जोखिम कमाइरहेका छन् भनेर त्यसैमा सरकार समेत लाग्यो ।'

अर्थ मन्त्रालयले राजस्व मात्रै नभएर मौद्रिक नीति, आर्थिक नीति, कर नीतिलाई पनि महत्व दिएर हेर्नुपर्ने उनको मत छ । उनका अनुसार नेपाल विश्व व्यापार संगठन (डब्लूटीओ)मा जाँदा व्यापार घाटा '१:४' थियो तर त्यो बढेर १:१५ सम्म पुगिसकेको छ ।

विश्व व्यापार संगठनले दिलाएको २७ प्रतिशत 'लेबल प्लेइङ फिल्ड'बारे नेपाल अनभिज्ञ जस्तै देखिएको उनको भनाइ छ । 'कृषि वस्तुमा भन्सार कर लगाउन पाउने सीमा अझै २७ प्रतिशत छ र गैर कृषितर्फ यो सीमा अझै १२ प्रतिशत छ,' उनी भन्छन्,' हामी किन गर्दैनौं ?' नेपालले आफ्नो कृषि र गैरकृषि उत्पादनलाई बचाउन सोको 'लेबल प्लेइङ फिल्ड' लागू गर्नु पर्ने उनको मत छ ।

'आयातलाई मात्रै सस्तो बनाउने हो भने हाम्रो वस्तुले कसरी प्रतिस्पर्धा गर्ने ?' उनी भन्छन्, 'हामीसँग अँध्यारो मात्रै छैन, उज्यालो पाटो पनि छ । वार्षिक ३ खर्बको पेट्रोलियम पदार्थ आयात गरेका छौं, त्यसलाई विद्युतीयतर्फ मोड्नुपर्छ । करिब ४/५ वर्षमा धेरै सुधार हुन सक्छ ।'

पूर्ववाणिज्य सचिव पुरुषोत्तम ओझा पनि व्यापार घाटा घटाउने कार्ययोजना बन्ने तर, कार्यान्वयन नहुने नेपालको पुरानै रोग भएको बताउँछन् । यस्ता कार्ययोजनाको जनशक्ति, संगठन, बजेट तथा जिम्मेवार निकायको तत्परतासँग तालमेल नमिलेको उनको बुझाइ छ ।

'कार्ययोजना अनुसार सरकारी निकाय परिचालित भएनन्, काम गर्नेलाई पुरस्कार दण्डको प्रबन्ध नगर्दा पनि यस्तो हुने गरेको छ', उनले भने, 'कार्ययोजनाको कार्यान्वयनको लागि समन्वय, सहजीकरण र अनुमगन नहुँदा पनि समस्या भएको हो ।'

*-साभारः अनलाइनखबर*

# ढुङ्गा, गिटी उत्खननसम्बन्धी सरकारको निर्णय कार्यान्वयन नगर्न सर्वोच्चको आदेश

काठमाडौं/ सर्वोच्च अदालतले ढुङ्गा, गिटी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड संशोधन गर्ने सरकारको निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएको छ ।



न्यायाधीशहरु कुमार रेग्मी र हरिप्रसाद फुयाँलको संयुक्त इजलासले बिहीबार ढुङ्गा, गिटी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७ लाई संशोधन गर्ने मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन नगर्न दिएको अन्तरिम आदेशलाई निरन्तरता दिएको हो ।

'मन्त्रिपरिषद्को मिति २०७७/०४/०५ को निर्णयबमोजिम ढुङ्गा, गिटी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७ लागू गरिएकामा सो मापदण्डसमेत पूर्णरूपमा लागू भइनसकेका अवस्थामा छ', आदेशमा भनिएको छ, 'सो मापदण्डमा नेपाल सरकारले मिति २०७९/०२/०६ मा पहिलो संशोधन गरी साविक मापदण्ड संशोधन गरी अदालत राजमार्ग, खोला वा नदी किनार, राष्ट्रको जीवनसँग जोडिएका महत्वपूर्ण क्षेत्रको अस्तित्वमाथि समेत गम्भीर संकट परी अपूरणीय क्षतिको अवस्थाको विद्यमानता देखिन्छ ।'

आदेशमा सरकारको उक्त निर्णयले शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक सांस्कृतिक, पुरातात्विक महत्वका स्थान तथा सुरक्षा निकाय अन्तर्राष्ट्रिय सीमा, वन क्षेत्र घनाबस्ती, हाइटेन्सन लाइनको अझ नजिक ढुङ्गा, गिटी र बालुवा उत्खनन गर्न मिल्नेगरी संशोधन गरिएको र सिमसार क्षेत्रलाई समेत समावेश गरिएकाले अपूरणीय क्षति पुग्ने उल्लेख छ ।

वातावरण कानून समाज नेपालको तर्फबाट अधिवक्ता पदमबहादुर श्रेष्ठले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाई सरकारको उक्त संशोधन गर्ने निर्णयविरुद्ध रिट निवेदन दायर गरेका थिए । रिट निवेदनमा ढुङ्गा, गिटी, बालुवा उत्खनन बिक्री तथा व्यवस्थापन मापदण्ड, २०७७ को दफा ४(१०) मा साविकमा भएको घनाबस्ती र वन क्षेत्रको दुई किलोमिटर, राजमार्गको ५०० मिटर दूरीभित्र नदी भन्ने वाक्यांश हटाइएको र मापदण्ड मन्त्रिपरिषद्को बैठकले २०७९ जेठ ६ गतेको निर्णयले बदर गर्न माग गरिएको थियो ।

त्यस्तै साविकमा भएको घनाबस्ती र वन क्षेत्रको दुई किलोमिटर, राजमार्गको ५०० मिटर दूरीभित्र नदी भन्ने वाक्यांश हटाइएको र संशोधन भएको मापदण्ड तत्काल खारेज गरी साविककै मापदण्ड कायम गर्न परमादेश माग गरिएको थियो । क्रसर उद्योग सञ्चालन तथा व्यवस्थापनसम्बन्धी कुनै कानूनी व्यवस्था नभएकाले छुट्टै क्रसर उद्योग सञ्चालन तथा व्यवस्थापनसम्बन्धी कानून निर्माण गरी लागू गर्न आदेशको माग थियो ।

उक्त कानूनको मापदण्ड लागू भए तापनि अवैधरूपमा क्रसर उद्योग सञ्चालन भई नदीनाला दोहन हुनुका साथै अवैधरूपमा ढुङ्गा, गिटी, बालुवा उत्खनन गरी बिक्री गरिरहेकाले अवैधरूपमा सञ्चालनमा रहेका यस्ता क्रसर उद्योगलाई सञ्चालन गर्नबाट रोक लगाई नियमित अनुगमन गर्न माग गरिएको थियो । -साभारः खबरहब

# १३ वर्षीया बालिका बलात्कृत



काठमाडौं/काठमाडौंको कीर्तिपुरमा १३ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा एक युवक पक्राउ परेका छन् । कीर्तिपुर नगरपालिका-५ पागांलाछी बस्ने मकवानपुर कैलाश गाउँपालिका-१० घर भएका २० वर्षीय साजन प्रजालाई बुधबार राति प्रहरीले पक्राउ गरेको हो । ती बालिकालाई ललाई फकाई आफ्नै कोठामा लगी प्रजाले जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

उता मुस्ताङमा १६ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा बारागुङ मुक्तिक्षेत्र गाउँपालिका-४ कागवेनी बस्ने शेरथाङ सेल्फी डाडाँस्थित थेसाङ सेल्फी रेष्टुरेन्टका संचालक ३२ वर्षीय दिन्डुक छिरिङ गुरुङलाई बुधबार बिहान प्रहरीले पक्राउ गरेको छ ।

ती किशोरीलाई सोही रेष्टुरेन्टमा गुरुङले जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय मुस्ताङबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

# विद्युतीय मतदानयन्त्रको प्रवन्ध गरिदिन सरकारलाई निर्वाचन आयोगको आग्रह

काठमाडौं/ निर्वाचन आयोगले आगामी प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि विद्युतीय मतदानयन्त्रको प्रयोगका लागि आवश्यक प्रवन्ध गरिदिन नेपाल सरकारलाई आग्रह गरेको छ ।



निर्वाचन व्यवस्थापन प्रक्रियालाई छरितो, सुरक्षित तथा स्वच्छ बनाउन निर्वाचनसम्बन्धी कानुनमा भएको व्यवस्थासमेतका आधारमा विद्युतीय मतदानयन्त्रको प्रयोग तथा व्यवस्थापन सम्बन्धमा अध्ययन गर्न आयोगले गठन गरेको समितिबाट प्राप्त प्रतिवेदनका आधारमा गृह मन्त्रालयमार्फत नेपाल सरकार, मन्त्रिपरिषद्लाई लेखी पठाइएको आयोगले जनाएको छ ।

आयोगका सहप्रवक्ता सूर्यप्रसाद अर्यालले बिहीबार विज्ञप्ति जारी गरी स्वदेशमा निर्मित विद्युतीय मतदानयन्त्र तत्काल व्यवस्थापन हुनसक्ने अवस्था हाल विद्यमान नभएमा आउँदो साउन मसान्तसम्ममा आयोगलाई उपलब्ध हुने गरी अन्य देशमा निर्मित विद्युतीय मतदानयन्त्रको आवश्यक प्रबन्ध गरिदिन आग्रह गरेको जानकारी दिए ।

विद्युतीय मतदानयन्त्रको प्रयोग तथा व्यवस्थापन सम्बन्धमा अध्ययन गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिवको संयोजकत्वमा गठित समितिले पेश गरेको प्रतिवेदनमा अविलम्ब विश्वविद्यालयका प्राध्यापक, राष्ट्रसेवक सरकारी कर्मचारी एवं स्वतन्त्र विज्ञ सम्मिलित प्राविधिक समिति गठन गरी यस समितिको सिफारिसका आधारमा विद्युतीय मतदान मेसिनको स्पेशिफिकेशन, मेसिनको गुणस्तर जाँच, विश्वसनीयता परीक्षण गर्ने तथा मेसिनउपर सार्वजनिकरूपमा उठान हुनसक्ने जिज्ञासाहरूको समाधान, भविष्यमा बृहत्तररूपमा मुलुकभर यसको प्रयोग गर्दा मेसिनमा गर्नुपर्ने सुधार र विद्युतीय मतदान मेसिनको सफलतापूर्वक कार्यान्वयन भएका मुलुकहरूको अनुभवबाट सिकेर उन्नत एवं विशिष्ट प्राविधिक क्षमताले युक्त यन्त्रको प्रयोग नेपालको निर्वाचन व्यवस्थापनमा गर्नेजस्ता विषय समावेश भएको जनाइएको छ । आयोगले संविधान तथा संघीय कानुनबमोजिम हुने राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसद्का सदस्य, प्रदेशसभाका सदस्य तथा स्थानीय तहका सदस्यको निर्वाचनमा विद्युतीय मतदान यन्त्र प्रयोग गर्न सक्ने कानुनी व्यवस्था रहेको छ ।

विसं २०६४ कोसंविधानसभा निर्वाचनमा आयोगले छ वटा निर्वाचन क्षेत्रमा प्रयोग गरेको साथै विसं २०७१ को संविधानसभा उपनिर्वाचनमा बर्दिया, बागलुङ, काठमाडौं, कैलालीलगायत पाँचवटा निर्वाचन क्षेत्रमा सफलतापूर्वक प्रयोग गरिएको थियो । -साभारः खबरहब

# राष्ट्रिय टिममा शरद र ज्ञानेन्द्रको समय सकिएको हो ?

काठमाडौं/ सन् २०११ देखि सुरु भएको नेपाली क्रिकेटको स्वर्ण युगको स्वर्ण पुस्ताका सदस्य हुन्- ज्ञानेन्द्र मल्ल र शरद भेषावकर । प्राविधिक रुपमा दक्ष ब्याटरका रुपमा परिचित ज्ञानेन्द्र र समर्थकबाट 'द फिनिसर' उपमा पाएका शरदले पछिल्लो समयमा राष्ट्रिय टिमबाट आफ्नो कला देखाउन पाएका छैनन् ।

शरदले फेब्रुअरीयता र ज्ञानेन्द्रले मार्चयता राष्ट्रिय टिमबाट खेल्न पाएका छैनन् । यी दुई सिनियर खेलाडी बिना नै राष्ट्रिय टिमले चार वटा शृंखला खेलिसकेको छ । नेपाली टिम अहिले पूर्णतः युवा खेलाडीमा निर्भर छ ।

शरद लगातारको चोट र खस्किँदो लयका कारण टिमबाट बाहिरिएका थिए । ज्ञानेन्द्रलाई चोटको समस्या छैन । यी दुवैले औपचारिक रुपमा सन्यासको घोषणा पनि गरेका छैनन् । तर, राष्ट्रिय टिमबाट उनीहरु टाढिँदै गइरहेका छन् । त्यसो भए नेपाल क्रिकेटमा शरद र ज्ञानेन्द्रको समय सकिएको हो ?

'राष्ट्रिय टिममा ज्ञानेन्द्र मात्र होइन कुनै पनि सिनियर खेलाडीको ढोका बन्द भएको छैन । आफूलाई प्रमाणित गर्ने खेलाडीका लागि बाटो सधैं खुल्ला छ,' राष्ट्रिय टिमका प्रमुख छनोटकर्ता दीपेन्द्र चौधरीले भने, 'अहिले टिम म्यानेजमेन्टले नयाँ खेलाडीलाई अवसर दिइरहेको छ । त्यसमा सिनियर वा जुनियर जसले राम्रो गर्छ उ नै टिममा पर्ने हो ।'

आईसीसी क्रिकेट विश्वकप लिग टू अन्तर्गत स्कटल्याण्ड र नामिबियासँग हुने त्रिकोणात्मक शृंखलाको तयारीका लागि नेपाली टिम हाल क्यानडामा छ । त्यहाँ एक अभ्यास खेल र क्यानडाको राष्ट्रिय टिमसँग दुई एकदिवसीय खेलको शृंखलापछि उतैबाट टोली स्कटल्याण्ड पुग्नेछ । २१ वर्षीय लेगस्पिनर सन्दीप लामिछानेको कप्तानीमा रहेको नेपाली टिम अहिले युवा खेलाडीले भरिएको छ । गत पुसमा प्रशिक्षक नियुक्त भएपछि पुबुदु दासानायकेले ६ महिनायता नयाँ खेलाडीलाई अधिकतम प्रयोग गर्दै आएका छन् ।

टिमको वर्तमान परिवेश अनुसार सिनियर खेलाडीहरुलाई टिममा फर्कन सहज छैन । क्यानडा भ्रमणमा रहेका नेपाली टिमका १४ सदस्यमा विकेटकिपर विनोद भण्डारी नै सबैभन्दा सिनियर हुन् । उनले सन् २००९ मा एसीसी टी-२० प्रतियोगिताबाट नेपालका लागि डेब्यू गरेका थिए । सन् २००४ को इन्टर कन्टिनेन्टल कपमा युएईविरुद्ध डेब्यू गरेका शरद र सन् २००६ को सोही प्रतियोगितामा नामिवियाविरुद्ध डेब्यू गरेका ज्ञानेन्द्रसँग डेढ दशकभन्दा लामो अन्तर्राष्ट्रिय अनुभव छ । सन् २००९ यता पारस खड्काले कप्तानी पाएपछि १० वर्षसम्म ज्ञानेन्द्र उपकप्तानसमेत रहे । २०१९ नोभेम्बरमा पारसले कप्तानीबाट राजीनामा दिएपछि ज्ञानेन्द्रले नेतृत्वको जिम्मेवारी पाएका हुन् । उनी २०७८ मंसिरसँग नेपालको कप्तान रहे । पछिल्लो समय राष्ट्रिय टिममा शरदको उपस्थित न्युन बन्दै आएको छ । करियरको उत्तरार्धतिर रहेका शरद कुनै समय फिनिसरको रुपमा थिए ।

एभरेष्ट प्रिमियर लिगमा प्रदर्शन देखाएपछि शरदले राष्ट्रिय टिममा पुनरागमन गरेका थिए । ओमानमा खेल्न जानुअघि उनले आफूमा जोश अझै बाँकी रहेको भन्दै आत्मविश्वास देखाएका थिए । तर, उनले विश्वकप छनोट चोटका कारण गुमाए ।

चोट र फर्मका कारण राष्ट्रिय टिममा शरदको उपस्थिती टाढिँदै गए पनि पूर्व कप्तान ज्ञानेन्द्र मल्लको हकमा भने अवस्था केही फरक छ । ज्ञानेन्द्रले खेलाडीको केन्द्रीय सम्झौता र सुविधाको बारेमा आवाज उठाउने समूहको नेतृत्व गर्दा नेपाल क्रिकेट संघ (क्यान)बाट अनुशासनको कारबाहीस्वरुप कप्तान पद गुमाएका थिए । कप्तानबाट हटाइएपछि ज्ञानेन्द्रले सन्दीपको कप्तानीमा ओमानमा टी-२० विश्वकप छनोट र युएईमा लिग टू खेले । तर, त्यसपछि भने उनी टिममा पर्न छाडे । क्यानसँगको 'इगो प्रोब्लम'का कारण ज्ञानेन्द्र टिममा पर्न नसकेको धेरैको बुझाइ छ । गत फागुनमा युएईमा लिग टू खेलेर आएपछि नेपालले तीन आधिकारिक र दुई अनौपचारिक शृंखला खेलिसकेको छ । तर ज्ञानेन्द्र अहिलेसम्म टिममा फर्कन सकेका छैनन् । लिग टू पछि ज्ञानेन्द्र र विनोदलाई नै बाहिर राखेर क्यानले युवा टोली घोषणा गरेको थियो ।

त्यसबेला क्यानका प्रमुख छनोटकर्ता चौधरीले सिनियर खेलाडीलाई आरम दिएको र उनीहरुले क्याम्पमा राम्रो गरे फेरि टिममा फर्कने बाटो खुल्ला रहेको बताएका थिए । विनोदको हकमा त्यो लागु पनि भयो । उनी अहिले टिममा छन् । तर ज्ञानेन्द्रको हकमा भने यो लागु हुन सकेको छैन ।

ज्ञानेन्द्रले युएईमा भएको लिग टू अन्तर्गत युएई विरुद्धकै खेलमा नेपालको लागि पछिल्लो पटक खेलेका थिए । उनले उक्त खेलमा उनले ३० रन बनाएका थिए । त्यही शृंखलाको अन्तिम खेलमा पपुवा न्युगिनीविरुद्ध भने ज्ञानेन्द्र बेन्चमा थिए । चौधरीले ज्ञानेन्द्र अहिले पनि नेपालका लागि उत्तिकै महत्वपूर्ण खेलाडी रहेको बताए । यस्तै टिम म्यानेजमेन्टले शरद भेषावकर र वसन्त रेग्मीसँग पनि कुरा गरेको जानकारी दिए । तर, राष्ट्रिय टिमबाट खेल्न क्याम्पमा आएर प्रशिक्षण गर्नुपर्ने उनको भनाइ छ । उनका अनुसार चोटग्रस्त शरद पछिल्लो समय पारिवारिक व्यस्ततामा छन् । वसन्त र पृथुसँग पनि क्यानले सम्पर्कको प्रयास गरेको थियो । यी दुवै खेलाडी अहिले अमेरिकामा छन् ।

शरदले नेपालका लागि १४ फेब्रुअरीमा ओमानमा भएको चारदेशीय टी-२० शृंखला अन्तर्गत आयरल्याड विरुद्ध पछिल्लो खेल खेलेका थिए । उनी सन् २०२१ सेप्टेम्बर यता एकदिवसीय अन्तर्राष्ट्रिय टिममा छैनन् । 'राष्ट्रिय टिममा पर्नका लागि क्याम्पमा आउनुपर्छ । क्याम्पमै नआएपछि टिममा नपरेको हो । तर, सबै सिनियर खेलाडीहरुको लागि टिममा बाटो खुलला छ,' चौधरीले भने ।

राष्ट्रिय टिममा नपरेपछि ज्ञानेन्द्र मल्लले अर्का पूर्व कप्तान पारस खड्का लगायतसँग मिलेर खोलेको क्रिकेट एकेडेमीमा प्रशिक्षण गराइरहेका छन् । आजकल उनी आफ्नो प्रशिक्षण भन्दा अरुलाई सिकाउनमा व्यस्त छन् । ज्ञानेन्द्रले खेल्ने तेस्रो नम्बरमा पछिल्लो पटक यू-१९ टिमका कप्तान देव खनालले राम्रो प्रदर्शन गरिरहेका छन् । अब त्यो पोजिसनमा देव र ज्ञानेन्द्र जसले राम्रो गर्छ उही पर्ने चौधरीले बताए । -साभारः अनलाइनखबर

# निगमलाई ८ अर्बको स्रोत जुट्दै

काठमाडौं/ घाटामा गइरहेको नेपाल आयाल निगमलाई सरकारले ८ अर्ब रूपैयाँ जुटाइदिने भएको छ । अर्थ मन्त्रालयले निगम नाफामा हुँदा बढी तिरेको आयकर र मूल्य अभिवृद्धि कर (भ्याट) गरी पाँच अर्ब रूपैयाँ फिर्ता दिने र तीन अर्ब रूपैयाँ कर्जाको लागि पहल गरिदिने भएको हो ।

यस अघि आयल निगमले मुख्यालय रहेको आफ्नो जग्गा धितोमा राखेर कर्जा लिने प्रयास गरेको भएपनि सरकारी जमानी अभावमा राष्ट्रिय वाणिज्य बैंकले कर्जा दिन मानिरहेको थिएन । कर्जाको लागि अर्थ मन्त्रालयले पहल गरिदिने भएको हो । सरकारबाट ८ अर्ब पाएपनि आयल निगमले भारतीय आयल निगमलाई तिर्नुपर्ने रकम १५ अर्ब रूपैयाँ बाँकी रहेनेछ ।

निगमका अनुसार हालसम्म २२ अर्ब बढी रकम आइओसीलाई तिर्न पर्नेछ । आगामी जुलाई १ मा नयाँ मूल्यदर आउँदासम्म यस्तो तिर्नुपर्न रकम २३ अर्ब रूपैयाँ बराबर हुने निगमको भनाइ छ । 'अर्थ मन्त्रालयले जुटाइदिने भनेको रकमको बारेमा उद्योग, वाणिज्य तथाा आपूर्ति मन्त्रालयमा पत्राचार भएको सुनका छौं,' निगमका प्रवक्ता विनितमणी उपाध्यायले भने, 'तर हामीकहाँ मन्त्रालयबाट पत्र आएको छैन ।'

उनकाअनुसार आइओसीलाई तिर्नुपर्ने बक्यौतामध्ये ८ अर्ब रूपैयाँ तिर्न सफल हुँदा पनि थप तेल आयात गर्न सहज हुने छ । बाँकी बक्यौता रकमको भने जोहो नभएको उनले बताए । -साभारः सेतोपाटी

**आकर्षक घडेरी बिक्रिमा**

हेटौंडा उपमहानगरपालिका-१२ हात्तिगौडा, रमेशचोकमा १० धुरको आकर्षक घडेरी बिक्रीमा छ । पानी, विजुली र राम्रो बाटो पुगेको मुख्य चोकमा अवस्थित घडेरी किन्न इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोस् ।
सम्पर्कः ९८४५०७१०६५, ९८४५२९०३९१

***के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?***

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# बागमती सरकारको बजेट प्रदेशसभाबाट बहुमतले पारित

साझाकुरा संवाददाता




हेटौंडा, १६ असार/ बागमती प्रदेश सरकारले आर्थिक वर्ष २०७९/८० का लागि ल्याएको बजेट प्रदेशसभाबाट बहुमतले पारित भएको छ ।

प्रदेशसभाको बिहीवार बसेको बैठकले आर्थिक मामिला तथा योजनामन्त्री शालिकराम जम्मकट्टेलले असार १ मा प्रस्तुत गरेको बजेट बहुमतले पारित गरेको हो । बैठकमा सभामुख सानुकुमार श्रेष्ठले मन्त्री जम्मकट्टेललाई उक्त बजेटसम्बन्धी प्रस्ताव पेस गर्न अनुमति दिएका थिए ।

बैठकले अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७९ सर्वसम्मत र विनियोजन विधेयक बहुमतले पारित गरेको छ । आर्थिक मामिला तथा योजना मन्त्री शालिक राम जमकट्टेलले प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक माथि उठेका प्रश्नको जवाफ दिँदै आर्थिक ऐन राम्रो, व्यवस्थित र जवाफदेही बनेको स्पष्ट पारेका थिए । उनले प्रदेश सभा सदस्यहरुलाई राम्रोसँग अध्ययन गर्न समेत आग्रह गरे ।

बागमती प्रदेशको बिहीबार बसेको तेस्रो बैठकमा जवाफ दिँदै उनले प्रदेश सरकारले आफ्नो कार्यक्षेत्र भित्र भएको राजश्व संकलन यथावत राख्ने, घटाउने, बढाउने र नयाँ आम्दानीको स्रोत राख्न यो विधेयक आउने जानकारी गराएका थिए । प्रदेशको कानून सचिवसहित बसेर धेरै ध्यान दिएर आर्थिक ऐन निर्माण गरिएको उनको भनाइ थियो । उनले यातायात, घर जग्गा रजिस्टेशन सम्बन्धी करमा कुनै पविर्तन नगरेको स्पष्ट पारे ।

सरकारले उठाउने राजश्व सरकारको संचित कोषमा आउने भन्दै उनले कुन क्षेत्रमा कति कर उठ्छ भन्ने स्पष्ट रुपमा हेर्न सकिने बताए । सिमेन्टको कर संविधानले दिएको क्षेत्राधिकार भित्र नभएको स्पष्ट पार्दै उनले संविधानभन्दा विपरित गएर उठाइने कर सबै खारेज गर्नुपर्ने धारणा राखे । उहाँले प्रदेश आर्थिक ऐन २०७९ चित्त बुझ्दो बनाएको दावी गरेका थिए ।

प्रदेश सरकारले आगामी आवका लागि कूल ७० अर्ब ९३ करोड अनुमानित बजेट प्रस्ताव गरेको थियो थियो । कूल बजेटमध्ये चालुतर्फ १९ अर्ब दुई करोड, पुँजीगततर्फ ४१ अर्ब ५६ करोड, वित्तीय हस्तान्तरणतर्फ आठ अर्ब र वित्तीय व्यवस्थापनतर्फ दुई अर्ब बजेट विनियोजन गरिएको थियो ।

बिहीवारको बैठकमा प्रदेश सरकारको विनियोजन विधेयक र अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७९ माथि छलफल भएको थियो । बागमती प्रदेशमा रहेको १४ वटा मन्त्रालयमध्ये सरकारले सबैभन्दा धेरै बजेट भौतिक पूर्वाधार तथा विकास मन्त्रालयलाई दिएको छ ।

भौतिक पूर्वाधार विकास मन्त्रालयको लागि २४ अर्ब ७५ करोड ८५ लाख रूपैयाँको बजेट विनियोजन गरिएको छ । सामाजिक विकास मन्त्रालयको लागि ३ अर्ब ७७ करोड ३ लाख, स्वास्थ्य मन्त्रालयलाई ४ अर्ब ८९ करोड २३ लाख रूपैयाँ, युवा तथा खेलकुद मन्त्रालयलाई १ अर्ब २२ करोड ६२ लाख रूपैयाँ, संस्कृति, पर्यटन मन्त्रालयलाई १ अर्ब ६१ करोड रूपैयाँ, वन तथा वातावरण मन्त्रालयलाई ३ अर्ब २३ करोड रूपैयाँ, आन्तरिक मामिला तथा कानुन मन्त्रालयलाई ८२ करोड ३ लाख रूपैयाँ विनियोजन गरिएको छ । भूमि, व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई २४ करोड, श्रम रोजगार तथा यातायात मन्त्रालयको ९४ करोड २४ लाख रूपैयाँ, आर्थिक मामिला तथा योजना मन्त्रालयलाई १५ करोड ८७ लाख रूपैयाँ, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई ७२ करोड ७९ लाख रूपैयाँ, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई ६५ करोड १५ लाख रूपैयाँ, खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्रालयलाई ९ अर्ब ८१ करोड ४९ लाख रूपैयाँ र कृषि तथा पशुपक्षी विकास मन्त्रालयको लागि ४ अर्ब ४९ करोड ३० लाख रूपैयाँ बजेट विनियोजन गरिएको छ ।

प्रदेश सरकारले सरकारले प्रदेशभरका १० हजार युवालाई स्वरोजगार बनाउन मुख्यमन्त्री सिप विकास कार्यक्रम सञ्चालन गर्ने बजेटमा उल्लेख गरेको छ । अर्थमन्त्री जम्मकट्टेलले प्रदेशभरका १० हजार युवालाई स्वरोजगार बनाउन मुख्यमन्त्री सिप विकास कार्यक्रम संचालन गर्न बजेट विनियोजन गरिएको जानकारी दिएका हुन् । उनले १० हजार युवालाई स्वरोजगार बनाउन मुख्यमन्त्री सिप विकास कार्यक्रमको लागि १५ करोड बजेट विनियोजन गरिएको बताए ।

प्रदेश सरकारले आगामी आर्थिक वर्षदेखि हेटौंडामा निर्माणाधीन दुग्ध पाउडर प्लान्ट सञ्चालनमा ल्याउने भएको छ । काभ्रे जिल्लामा पनि मिनी दुग्ध पाउडर प्लान्ट स्थापना गर्ने गरी बजेट विनियोजन गरिएको अर्थमन्त्री जम्मकट्टेलले बताए ।

सरकारले सिन्धुली र मकवानपुरमा नयाँ औद्योगिक क्षेत्र निर्माणका लागि बजेट व्यवस्था गर्ने भएको छ । मकवानपुरको मनहरी र सिन्धुलीको हरिहरपुर गढीमा नयाँ औद्योगिक क्षेत्र निर्माण गर्न १३ करोड ६५ लाख रूपैयाँ बजेट विनियोजन गर्ने भएका हो ।

सरकारले हेटौंडा चक्रपथ निर्माणको लागि १ अर्ब ५ करोड रूपैयाँ बजेट विनियोजन गरेको छ । हेटौंडा अस्पतालको बेडलाई २ सय पुर्‍याउँदै मिर्गौला प्रत्यारोपण केन्द्र बनाउन प्रदेश सरकारले ८ करोड रूपैयाँ बजेट विनियोजन गरेको छ । सरकारले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको लागि १९ करोड ८२ लाख रूपैयाँ विनियोजन गरेको छ ।

## राक्सिराङ् गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्य सुरु



हेटौंडा, १६ असार/ मकवानपुरको विकट राक्सिराङ्ग गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्य सुरु गरिएको छ ।

बिहीबार गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लले राक्सिराङ-५, चैनपुरमा प्रशासकीय भवन निर्माण कार्यको शिलान्यास गरेका छन् । जय माता कन्स्ट्रक्सन प्रालिसँगको ६ करोड ४२ लाख १२ हजार रुपैयाँमा ठेक्का सम्झौता गरी निर्माण कार्य सुरु गरेको हो । गत कात्तिक महिनामै ठेक्का सम्झौता भएको र सम्झौता भएको ३० महिनाभित्र भवन निर्माण कार्य पूरा गर्नुपर्नेछ । शिलान्यास कार्यमा गाउँपालिकाका उपाध्यक्ष वनस्तम थिङ, प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गड्तौला, वडाअध्यक्षहरुको पनि उपस्थिति रहेको थियो ।

# आदिवासी जनजाती महिलाहरुलाई बिऊ बाख्रा वितरण

साझाकुरा संवाददाता



हेटौंडा, १६ असार/ हेटौंडा उपमहानगरपालिकाले दिगो आर्यआर्जनमा टेवा पुऱ्याउने लक्ष्यसहित आदिवासी जनजाती महिलाहरुका लागि बिऊ बाख्रा वितरण गरेको छ ।

उपमहानगरका विभिन्न वडामा रहेका विपन्न समुदायका आदिवासी जनजाती महिलाहरुलाई प्रतिघर दुई वटाका दरले १० परिवारलाई बिऊ बाख्रा वितरण गरिएको हो ।

बिहीबार उपमहानगरका उप प्रमुख राजेश बानियाँले हेटौंडा-८ का कमला गुरुङ र प्रमिला चौधरी, हेटौंडा ११ का माया थापा मगर र उर्मिला गुरुङ हेटौंडा १३ का उजेली कुमाल र सुनिता मुक्तान, हेटौंडा-१५ का कुमरी तामाङ, हेटौंडा-१६ का बिष्णुमाया प्रजा चेपाङ, हेटौंडा-१७ का निर्मला भुजेल र सरीता राईलाई बिऊ बाख्रा हस्तातरण गरेका थिए । उपमहानगरको समाजकल्याण शाखाले दुई लाख १५ हजार १ सय रुपैयाँको लागतमा २० वटा बाख्रा खरीद गरेको थियो । कार्यक्रममा बिऊ बाख्रा हस्तान्तरण गर्दै उपप्रमुख बानियाँले उपमहानगरपालिका कृषिको प्रवर्द्धन र विकासका लागि योजना बनाएरै काम गर्ने तयारीमा रहेका भन्दै पालिकाका हरेक वडामा पशु प्राविधिकको व्यवस्था गर्ने बताए । उनले इमान्दारीताका साथ काम गरे सहयोगका लागि पालिका सधै तयार रहेको बताए ।

नेपाल आदिवासी जनजाती महासंघ जिल्ला समन्वय परिषल मकवानपुरका अध्यक्ष जंगबहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा उपमहानगपालिका समाज कल्याण शाखाका अधिकृत भैरबबहादुर कुमालको सहभागिता रहेको थियो ।

# विभिन्न जिल्लामा ५ जना मृत अवस्थामा फेला



काठमाडौ, १६ असार/ पर्सा, बझाङ, कञ्चनपुर, प्युठान र मकवानपुरमा पाँचजना व्यक्ति मृत अवस्थामा फेला परेका छन् । पर्साको बहुदरमाई नगरपालिका-७ बस्ने श्याम बाबुप्रसाद कलवारकी छोरी १४ वर्षीया महिमा गुप्ताको बुधबार शव फेला परेको छ ।

सोही ठाउँस्थित छ्क्कैयाघाटमा छोरीको हत्या गरी शव जलाई रहेको भन्ने खबर हुनासाथ जिल्ला प्रहरी कार्यालय पर्सा र ईलाका प्रहरी कार्यालय पोखरीयाबाट खटिएको प्रहरीले खोजी गर्ने क्रममा उक्त घाटमा चिता जलिरहेको अवस्थामा शव फेला परेको हो ।

प्रहरीले अनुसन्धानका लागि महिमाको परिवारका ३ जना सदस्यलाई नियन्त्रणमा लिएको छ भने हाल फेला नपरेका श्याम बाबु समेत २ जनाको खोजी गरिरहेको छ । बझाङको जयपृथ्वी नगरपालिका-७ धम्नाउबाट चुलिटीका जाने बाटोमा धम्नाउ बस्ने ५८ वर्षीय जोगगिरी बोहरा बुधबार मृत अवस्थामा फेला परेका छन् ।

कञ्चनपुरको भिमदत्त नगरपालिका-९ खल्लास्थित महाकाली नदीको किनारमा हाल पहिचान नखुलेकी १९ वर्षीया महिला बुधबार मृत अवस्थामा फेला परेकी छन् । प्युठानको प्युठान नगर पालिका-७ झिमरुक खोलाको बगरमा हाल पहिचान नखुलेकी करिब ५० वर्षीया महिला बुधबार मृत अवस्थामा फेला परेकी छन् ।

मकवानपुरको राक्सिराङ गाउँपालिका-५ बोटबारीस्थित मनहरी खोलामा हाल पहिचान नखुलेका करिब ४५ वर्षीय पुरुष बुधबार मृत अवस्थामा फेला परेका छन् । सबै घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ । -साभार: रातोपाटी

# स्रोत नखुलेको १० लाख रुपैयाँसहित दुईजना पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, १६ असार/ मकवानपुर प्रहरीले स्रोत नखुलेको १० लाख रुपैयाँसहित दुई जनालाई पक्राउ गरेको छ ।

प्रहरीले स्रोत नखुलेको १० लाख ३५ हजार दुईसय रुपैयाँसहित दुई जनालाई पक्राउ गरेको हो । प्रहरी टोलीले मनहरी गाउँपालिका-९ खराङ्गास्थित कल्पना घलानको घरको कोठामा राखेको मधेश प्रदेश ०३-०२३ प ३१७२ नम्बरको मोटरसाइकलमा लुकाएर राखेको अवस्थामा भारतीय र नेपाली गरी १० लाख ३५ हजार दुईसय ४० रुपैयाँसहित दुईजनालाई नियन्त्रणमा लिएको जनाइएको छ । मोटरसाइकल चालक कैलाश गाउँपालिका-१ का ५३ वर्षीय सानुकान्छा योञ्जनले लुकाएर ल्याएको भारतीय एक लाख ९८ हजार नौ सय रुपैयाँ र नेपाली ७ लाख १७ हजार रुपैयाँ बरामद गरेको मकवानपुर प्रहरीले जनाएको छ ।

योञ्जन केही लागुऔषध अफिम १३ किलो १२० ग्राम र चरेस २६ ग्राम मुद्दाका फरार प्रतिवादी समेत रहेको प्रहरीले जनाएको छ । प्रहरीले अनुसन्धानका लागि योञ्जन र घरधनी कल्पना घलानलाई नियन्त्रणमा लिएको जनाएको छ ।

# चितवन राष्ट्रिय निकुञ्जमा ६ बाघ समातिए, ४ वटा छाडिए

चितवन/ चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा चालु आर्थिक बर्षमा बाघको आक्रमणबाट मात्रै १६ जना मारिए ।

अधिकांश घटना निकुञ्जको मध्यवर्ती क्षेत्रमा भएका छन् । अघिल्लो बर्षको तुलनामा यसबर्ष बाघले १० जना बढीलाई आक्रमण गरेर मार्‍यो भने, अन्य केहीलाई घाइते बनायो । पूर्वी चितवनको खैरहनी र राप्ती, पश्चिम चितवनको देवनगर, जगतपुर र मेघौलीमा बढि मात्रामा बाघले आक्रमण गर्‍यो ।

निउरो टिप्न गएका, दाउरा खोज्ने, घाँस काट्न जंगल जानेलाई बाघले आफ्नो निशाना बनायो । विभिन्न घटनामा मानिसको ज्यान लिने ६ वटा बाघलाई निकुञ्जले चालु आर्थिक बर्षमा नियन्त्रणमा लियो । तीमध्ये चार वटा बाघलाई निकुञ्जले आनीबानीमा सुधार देखिएको भन्दैं छाड्यो ।

निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार अब निकुञ्जको सौराहास्थित पूर्वी सेक्टर र निकुञ्जको मुख्यालय कसराको खोरमा गरेर तीनवटा मात्रै बाघ छन् । निकुञ्जले समातेर खोरमा थुनेको एक बाघको मृत्यु भएको सूचना अधिकारी तिवारीले बताए ।

'पश्चिम चितवन क्षेत्रबाट नै समातिएको एक बाघको खोरमा राखेकै बेला मृत्यु भयो' सूचना अधिकारी तिवारीले भने, 'अलि सानो साइजको बाघ एडजस्ट हुन सकेन ।' निकुञ्जसँग चार बटा मात्रै बाघ राख्न मिल्ने खोर छन् । थप केही खोर बन्ने चरणमा छन् । खोरको अभाव हुन देखेपछि निकुञ्जले आनीवानी सुधार भएका भन्दैं मानिस माथि आक्रमण गर्ने बाघलाई पनि छाड्ने गरेको छ ।

पछिल्लो समय बाघको आक्रमणबाट गत असार २ गते पश्चिम चितवनको मेघौलीको राधाकृष्ण सामुदायिक वनमा भरतपुर २७ की २३ बर्षिया रेखा बस्नतेको मृत्यु भएको थियो । बस्नेतको ज्यान लिने बाघलाई नियन्त्रणमा लिएर सौराहामा राखिएको छ ।



सो बाघले जेठ २४ गते भरतपुर २३ जगतपुरमा ५५ बर्षकी महिला मंगली बोटेको पनि ज्यान लिएको निकुञ्जको भनाइ छ । धेरै मानिसहरुमाथि आक्रमण गरेको देखिन आएको सो बाघलाई भने अहिल्ले नछाड्िने निकुञ्जका सूचना अधिकारी तिवारीले बताए । -साभार: अनलाइनखबर

# मोटरसाइकल एक आपसमा ठोक्किदा एकजनाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, १६ असार/ हेटौंडामा मोटरसाइकल एक आपसमा ठोक्किदा एक जनाको मृत्यु भएको छ । बिहीबार दिउँसो हेटौंडा उपमहानगरपालिका-५ राधाकृष्ण मन्दिर नजिकै मोटरसाइकल एक आपसमा ठोक्किदा एक जनाको मृत्यु भएको हो ।

मृत्यु हुनेमा हेटौंडा उपमहानगरपालिका वडा नम्वर १८ फुर्केचौरका २५ वर्षीय विशाल थापा रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए ।

उनले क्याम्पाडाँडाबाट हेटौंडा बजार आउँदै गरेको ना ५१ प ७३५९ नम्बरको मोटरसाइकल र विपरित दिशाबाट आउँदै गरेको बागमती प्रदेश ०३-००४ प १५९९ नम्बरको मोटरसाइकल एकापसमा ठोक्किएर दुर्घटना भएको जानकारी दिए ।

दुर्घटनामा परेर बागमती प्रदेश ०३-००४ प १५९९ नम्बरको मोटरसाइकल चालक थापा गम्भीर घाइते भएका थिए । घाइते उनको हेटौंडास्थित साञ्चो अस्पतालमा मृत्यु भएको प्रहरी नायव उपरीक्षक कार्कीले बताए ।

उक्त दुर्घटनामा ना ५१ प ७३५९ नम्बरको मोटरसाइकलका चालक २५ वर्षीय लक्ष्मण आचार्य र हेटौंडा-१८ का २३ वर्षीय सुमन थापा घाइते भएका छन् ।

बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था कार्यालय, हेटौंडा

**यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचना**

- करदाताले आफ्नो नाममा दर्ता भएको सवारी साधनको कर प्रत्येक आर्थिक वर्षको चैत्र मसान्त वा दर्ता नवीकरण गर्ने म्याद जुन अघि हुन्छ सो म्यादभित्र बुझाईसक्नु पर्नेछ ।
- समयमा कर तिरौं, जरिवानाबाट बचौं ।
- सवारी चालक अनुमतिपत्रको नयाँ Online Form खुलेकाले यस अघि Form भरेकाहरुको Form खारेज भएको हुँदा नयाँ Online Form भर्नु हुन अनुरोध छ साथै Form भर्दा आफ्नो शुद्ध र स्पष्ट विवरण भर्नु होला कुनै त्रुटी भएमा यस कार्यालयबाट सच्याउन नमिल्ने जानकारी गराइन्छ ।
- सवारी चालक अनुमतिपत्र नवीकरण गर्दा यस प्रदेशबाट जारी भएको हुनुपर्नेछ वा यस प्रदेशभित्र स्थायी बसोबास गरेको प्रमाण खुल्ने कागज पेश गर्नुपर्नेछ ।
- अन्यत्र कार्यालयबाट जारी भएको सवारी चालक अनुमतिपत्र नवीकरण गर्नको लागि सो को अभिलेख Online मा देखिएको हुनुपर्नेछ ।
- सवारी चालक अनुमतिपत्र तथा सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपी सो जारी भएको कार्यालयबाट मात्र जारी हुने भएकाले दर्ता भएको कार्यालयमा नै जानुपर्नेछ ।
- नेपाल सरकारको निर्णयानुसार सवारी साधनमा इम्वोष्ड नम्बर प्लेट जडान गर्नु पर्ने भएकाले आफ्नो सवारी दर्ता रहेको कार्यालयमा सम्पर्क गरी जडान प्रकृया शुरु गर्नु हुन अनुरोध छ ।

"सक्षम निजामती प्रशासन: विकास, समृद्धि र सुशासन"
फोन नं.: ०५७-५२६१४६,
ई-मेल ठेगाना: (प्रशासन: admin.hetaudayatayat@bagamati.gov.np),
(सवारी: sawari.hetaudayatayat@bagamati.gov.np),
(लाइसेन्स: license.hetauddayatayat@bagannati.gov.np)

**मोटरसाइकल हरायो**

मेरो निम्न व्यहोराको मोटरसाइकल मिति २०७८ साल असोज २५ गते मकवानपुरगढी गाउँपालिका वडा नं. २ आफ्नै घर अगाडि पार्किङ गरि राखेको अवस्थामा अन्दाजी विहान ५:०० बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
**सवारी धनीको नाम**: ज्ञानेन्द्र चौलागाई
**सवारी साधन नम्बर**: बा ८९ प ३३११
**ठेगाना**: मकवानपुरगढी-२,
**सवारी रङ्ग**: निलो
**सवारी मोडल**: पल्सर १५० सीसी
**बनेको साल**: २०१७
**इन्जिन नम्बर**: DHYRHE00047
**च्याचिस नम्बर**: MD2A11CY6HRE13814
**सम्पर्क नम्बर**: ९८५५०७२६९८

**६ चक्के/१० चक्के ट्रिपर, ट्रक, वस फाईनान्स सुविधासहित बिक्रीमा**
सम्पर्क: ९८०२३११५४८/९८०२३११५७९

**पार्टी गर्दै हुनुहुन्छ ?**
शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।
**जय गणेश पार्टी प्यालेस प्रा.लि.**
हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.




साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना